**मजदुर विज्ञापन शाखा**
नागाचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ८८ ★ ने. सं. ११४६ वछला थ्व, चतुर्थी ★ मङ्गलबार ★ ८ वैशाख, २०८३ ★ April 21, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउन
# प्रजग कोरियाद्वारा क्लस्टर क्षेप्यास्त्र परीक्षण

सियोल, ७ वैशाख (रासस्/एएफपी)। प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले आइतबार गरेको पछिल्लो क्षेप्यास्त्र परीक्षणमा क्लस्टर हतियार प्रयोग गरिएको केसीएनएले सोमबार पुष्टि गरेको छ। आणविक हतियारसम्पन्न उक्त देशले छोटो दूरीका धेरै ब्यालेस्टिक मिसाइल प्रक्षेपण गर्दै आफ्नो नयाँ वारहेड क्षमताको परीक्षण गरेको जनाएको हो ।



कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) का अनुसार नेता किम जोङ उनको प्रत्यक्ष निगरानीमा गरिएको यो परीक्षणमा 'रणनीतिक ब्यालेस्टिक मिसाइलमा प्रयोग हुने क्लस्टर बम वारहेड र खण्डित माइन वारहेडको विशेषता र शक्तिको परीक्षण' गरिएको थियो । परीक्षण आइतबार सम्पन्न भएको बताइएको छ ।



प्रजग कोरियाले पछिल्ला हप्ताहरूमा ब्यालेस्टिक मिसाइल, एन्टी-वारसिप क्रुज मिसाइल तथा क्लस्टर हतियार प्रणालीसहित विभिन्न सैन्य परीक्षणहरू गर्दै आएको छ । यसले क्षेत्रीय सुरक्षा अवस्था थप तनावपूर्ण बनाएको अन्तर्राष्ट्रिय विश्लेषकहरूको भनाइ छ ।

दुवै कोरियाले सन् २००८ को क्लस्टर बमसम्बन्धी ओस्लो महासन्धिमा हस्ताक्षर नगरेको अवस्थामा यो परीक्षण भएको हो । दक्षिण कोरियाले भने उत्तरको पछिल्लो गतिविधिलाई 'उक्साहटपूर्ण' भन्दै तत्काल रोक्न आग्रह गरेको छ ।

केसीएनएका अनुसार परीक्षणमा ह्वासोङ्पो-११ए सतहदेखि सतहमा प्रहार गर्न सकिने सामरिक ब्यालेस्टिक मिसाइल प्रयोग गरिएको थियो । पाँचवटा मिसाइल करिब १३६ किलोमिटर टाढाको टापु नजिकको लक्ष्य क्षेत्रमा प्रहार गरिएको र त्यसले १२.५ देखि १३ हेक्टर क्षेत्रफलमा अत्यधिक घनत्वका विस्फोट प्रभाव देखाएको जनाइएको छ ।

रिपोर्टअनुसार नेता किम जोङ उनले परीक्षणको नतिजाप्रति 'गहिरो सन्तुष्टि' व्यक्त गर्नुभएको छ । उहाँले क्लस्टर वारहेड विकासले निश्चित लक्ष्य क्षेत्रमा उच्च घनत्वको प्रहार क्षमता र उच्च परिशुद्धता वृद्धि गर्ने बताउनुभयो ।

विशेषज्ञहरूको विश्लेषणमा यो प्रणालीले बहु रकेट लन्चर र छोटो दूरीका ब्यालेस्टिक मिसाइलबिचको प्राविधिक दूरी घटाउने उद्देश्य राखेको देखिन्छ । कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका अनुसन्धानकर्ता होङ मिनका अनुसार यस्तो क्षमताले सियोल र अमेरिकी सैन्य अड्डाहरू उत्तर कोरियाको दायराभित्र अझ नजिक ल्याउन सक्छ ।

सियोल विश्वविद्यालयका प्राध्यापक याङ मू-जिनका अनुसार पछिल्ला परीक्षणहरूले उत्तर कोरियाले अगाडिको मोर्चाबाट प्रत्यक्ष प्रक्षेपण गर्न सकिने प्रणाली परिचालनको नजिक पुगेको सङ्केत गर्छ । यसले दक्षिण कोरिया र अमेरिकी अड्डाहरूमा तत्काल खतरा बढाउन सक्ने उहाँको मूल्याङ्कन छ ।

संयुक्त राज्य अमेरिकाले दक्षिण कोरियामा करिब २८ हजार सैनिक तैनाथ गरेको छ, जसले क्षेत्रीय सुरक्षा संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

प्रजग कोरियाले संयुक्त राष्ट्रसङ्घका प्रतिबन्धहरूबिच लगातार हतियार विकास जारी राखेको छ । यसले ब्यालेस्टिक मिसाइल प्रविधि र आणविक कार्यक्रमसम्बन्धी प्रतिबन्धहरू बारम्बार उल्लङ्घन गर्दै आएको छ ।

यसअघि अप्रिल महिनामा किम जोङ उनले नौसेनाको युद्धपोतबाट प्रक्षेपण गरिएको क्रुज मिसाइल परीक्षणको निरीक्षण गर्नुभएको थियो । सो परीक्षण चो ह्योन नामक पाँच हजार टन वर्गको युद्धपोत जहाजबाट गरिएको थियो, जुन गत वर्ष सञ्चालनमा आएको हो ।

प्रजग कोरियाले थप दुईवटा त्यस्तै वर्गका युद्धपोत निर्माण गरिरहेको छ । साथै, रूससँगको सैन्य सहकार्य बढ्दै गएको भन्दै विश्लेषकहरूले प्योङयाङले नौसैनिक आधुनिकीकरणलाई तीव्र बनाएको बताएका छन् ।

रिपोर्टअनुसार प्रजग कोरियाले युक्रेन युद्धमा रूसलाई समर्थन गर्न स्थल सेना र तोपखाना सहयोग पठाएको छ भने बदलामा मस्कोबाट सैन्य प्रविधि सहयोग प्राप्त गरिरहेको अनुमान गरिएको छ ।

# जाँचबुझ आयोगमा
# सरोकारवालाहरूको बयान – ५

**केन्द्रीय विशेष कार्यदलका (STF) तत्कालीन कार्यालय प्रमुख प्रहरी उपरीक्षक ऋषिराम कँडेलको बयान कागजको ब्यहोरा :** भदौ २३ गते करिब सवा १ बजेमात्र बीआईसीसीको ३ नम्बर गेट (राष्ट्रिय वाणिज्य बैङ्क नजिक) मा पुगी सोही समयदेखि गेट अगाडिको चोकमा भीडलाई तितरबितर पार्ने तथा नियन्त्रण गर्न खटिएको थिएँ ।

भदौ २३ गते सशस्त्र प्रहरी आफू नजिकै भए पनि अपेक्षित रूपमा सक्रिय नभएको प्रहरी महानिरीक्षकको गेटबाट आक्रमण बढेपछि नेपाली सेनाको १०-१२ जनाको टुकडी तटस्थ हुन बाध्य भएको पृष्ठभूमिले सुरक्षा संयन्त्रबिचको समन्वय कमी स्पष्ट पार्छ ।

केन्द्रीय प्रहरी विशेष कार्यदलमा कार्यरत प्रहरी कर्मचारीहरू कार्यदलमा बस्न धेरै अनुच्छुक रहने गर्नाले तलबको कम्तीमा २० प्रतिशत अतिरिक्त भत्ताको व्यवस्था गरिनुपर्ने सुझाव रहेको छ ।

**जिल्ला प्रहरी परिसर काठमाडौंमा कार्यरत प्रहरी उपरीक्षक अपिलराज बोहराको बयान कागज ब्यहोरा :** भदौ २३ गते रेडियो च्यानल २ बाट प्रहरीको ब्यारेकेड ११:४७ बजे भत्किएको, पानीको फोहरा प्रयोग ११:४८ मा भएको, प्रहरी बल प्रयोग तथा फायरिङ भइसकेको, अनि केही प्रदर्शनकारी संसद् भवनको पूर्वतिरको पर्खाल नाघी भित्र छिरेको, दक्षिण गेटबाट ह्याम्मर र रड प्रयोग गरी पर्खाल भत्काउन कोशिश भइराखेको र सुरक्षा बलबाट गोली फायर भइसकेको, संसद् भवन छिर्न नदिन बल प्रयोग गर्ने भनी तालुक कार्यालयबाट आदेश आएको जस्ता संवादहरू सुनेको थिएँ ।

एपीएफ र नेपाली सेना पनि पछिल्ला क्षणहरूमा आए तर दुवै सुरक्षा निकायबाट अपेक्षित व्यवसायिक सहयोग, संयत्रिक प्रतिरक्षा वा सामूहिक समन्वय नदेखिएको ठम्याइ छ ।

पश्चिम गेटमा आउने भीड अन्य स्थानभन्दा फरक – अत्यन्त उग्र, अराजक र विध्वंसात्मक थियो । भीडले गेट तोड्ने, प्रहरी बस्ने संरचनामा आगो लगाउने र सिधै संसद् भवन प्रवेश गर्ने उद्देश्य लिएको देखिन्थ्यो । आफ्नो टीमबाट टियर ग्याँस Gen-Z भीड तितरबितर भएपछि आएको राजावादी जुलुसलाई रोक्न प्रयोग भएको थियो ।

थुनुवाहरू छाडिदिने भनी माथिल्लो तालुक कार्यालयबाट रेडियो सेटबाट आदेश आएपछि सुरक्षा कारणवश १७:३० बजे म्याद थप भई परिसरको अनुन्धानको सिलसिलामा हिरासतमा रहेका २०५ जना थुनुवाहरू छाडिएको हो ।

यो प्रदर्शनमा लुटेरा, आपराधिक पृष्ठभूमिका व्यक्तिहरू, जेल बसेर आएकाहरू, दिमागी रूपमा मनोरोगी र अभियुक्तहरू, प्रहरीको भगौडाहरू, समाजमा दुःख दिने गुन्डाहरू, राजा आउ देश बचाउ भनेर ४० वर्षभन्दा बढी उमेर समूहका व्यक्तिहरू संलग्न भएकाले फरक फरक उद्देश्यप्रेरित समूहको संलग्नताले प्रर्दशनमा घूसपैठ भएको विश्वास गर्दछु । उक्त दिन Mis-information र Dis-information ले पनि आन्दोलनलाई अराजक बनाउन ठुलो भूमिका खेलेको थियो ।

घटनाका मूल कारणहरू सूचना विश्लेषणमा कमजोरी, खतराको मूल्याङ्कनमा ढिलाइ, कर्फ्युपछिका निर्देशनमा अस्पष्टता, संयुक्त सुरक्षा संयन्त्रको समन्वयहीनता र राज्यको नेतृत्व तहमा तत्काल निर्णय क्षमताको अभाव रहेको बताए ।

**जिल्ला प्रहरी परिसर काठमाडौंमा कार्यरत प्रहरी उपरीक्षक कुलदीप चन्दको बयान कागज ब्यहोरा :** भदौ २४ गते परिस्थिति भिन्न बन्यो । देउवा चोकमा खटिएको बुढानीलकण्ठ प्रहरी प्रभाग र प्रहरी वृत महाराजगञ्जका प्रहरी टोलीसँग मेरो टोली समेत मिसियो । ठुलो भीड एकै ठाउँमा केन्द्रित भएपछि देउवा निवासको कम्पाउन्ड पर्खाल भत्कियो, भित्रका साना संरचनामा तोडफोड र आगजनी सुरू भयो र भीड नियन्त्रण असम्भवजस्तै

*बाँकी पृष्ठ ८ मा*

# एक वर्षदेखि लमजुङ दरबार पुनःनिर्माण अलपत्र



लमजुङ, ७ वैशाख । समुद्र सतहदेखि एक हजार ४४५ मिटर उचाइमा अवस्थित लमजुङ दरबार पुनःनिर्माण एकवर्षदेखि अलपत्र छ ।

लमजुङ बेँसीसहर नगरपालिका-३ गाउँ सहरमा १६ औं शताब्दीमा बनेको यस दरबारको पुनःनिर्माण १३ महिनादेखि अलपत्र भएको हो । पुरातत्त्व विभागले मौखिक रूपमा दुई वर्षमा सम्पन्न गर्ने गरी काम थालेकामा पाँच वर्ष पुग्दा पनि सम्पन्न नभएको स्थानीय बताउँछन् । स्थानीय सुरेश श्रेष्ठले भन्नुभयो, "हामीलाई दुई वर्षमा सक्ने भनेर दरबारको पुनःनिर्माण सुरु गरेको थियो । यतिका वर्ष हुँदा काम नै सम्पन्न हुनु त कता हो कता यस वर्षको बजेटको काम सुरु नै हुन सकेको छैन ।"

गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहोराले दरबारको पुनःनिर्माण हुननसक्दा पटकपटक पुरातत्त्व विभागलाई काम सुरु गर्न आग्रह गरेको बताउनुभयो । तर विभागले जहिले सरकारले

*बाँकी पृष्ठ ८ मा*




व्यङ्ग्यचित्र कुनो



**मोटरसाइकलमा आगलागी**

काठमाडौँको त्रिपुरेश्वरस्थित सडकमा बा ९० प ८१८१ नम्बरको मोटरसाइकलमा सोमबार गुडिरहेको अवस्थामा भएको आगलागी । *तस्बिर: निर्मलराज शाही/रासस*

# भर्ना र्‍याली सुरु

भक्तपुर, ७ वैशाख । भक्तपुर नगरपालिका वडा नं. ९ मा सञ्चालित सामुदायिक विद्यालय वागीश्वरी मा.वि., सरस्वती विद्यागृह मा.वि., दत्तात्रय आ.वि. गरी तीनवटै विद्यालयको संयुक्त भर्ना अभियान वैशाख ७ गते सुरु भयो ।

र्‍यालीको सुरुमा वागीश्वरीका प्र.अ. कृष्णप्रसाद कर्माचार्यले स्वागत मन्तव्य राख्नुभएको थियो । र्‍याली सूर्यमढीमा पुग्दा वागीश्वरीका विद्यार्थीले नृत्य प्रस्तुत गरेका थिए ।

समन्वय समितिका संयोजक ज्ञानसागर प्रजापतिले सामुदायिक विद्यालयको भूमिका, विद्यालयको गुणस्तर वृद्धि, शैक्षिक सत्र तथा भर्ना सम्बन्धमा मन्तव्य राख्नुभयो । र्‍याली पाइपलाइनमा पुगेर दत्तात्रय आ.वि. का विद्यार्थीले आफ्नो नृत्य प्रस्तुत गरेका थिए । त्यहाँ सञ्जय मानन्धरले भर्ना अभियानको सकारात्मक पक्षबारेमा बताउनुभयो ।

चोखा विनायकमा पुगेर सरस्वती विद्यागृह मा.वि.का विद्यार्थीले नृत्य प्रस्तुत गरेका थिए । दत्तात्रय आ.वि.का प्रधानाध्यापक सज्जन प्रधानले सामुदायिक विद्यालयको समन्वयमा भएका क्रियाकलापको बारेमा बताउनुभयो । र्‍याली वागीश्वरी कमलविनायकको भवनमै पुगेर पहिलो दिनको भर्ना अभियान सम्पन्न भएको थियो ।

# एक सय १० मेगावाटको दुधकोसी पाँचौँ निर्माण हुने

काठमाडौँ, ७ वैशाख । सोलुखुम्बु जिल्लाको दुधकोशी नदीमा ११० मेगावाटको दुधकोशी पाँचौँ जलविद्युत् आयोजना निर्माण हुने भएको छ । यहाँको माप्य दुधकोशी गाउँपालिका-२, ३, ४, ६ र ७ मा आयोजनास्थल रहनेगरी सो आयोजना प्रस्ताव गरिएको हो । आयोजनाको विद्युत्गृह माप्य दुधकोशी गापा-४ काँकुखोला र दुधकोशी नदीको सङ्गमबाट ७३० मिटर माथि रहनेछ ।

आयोजना निर्माण सम्पन्न भएपछि राष्ट्रिय प्रसारण प्रणालीमा ६१७.८६ गिगावाट घण्टा प्रतिवर्ष विद्युत् आपूर्ति हुनेछ । निर्माणको चरणमा ६० दक्ष, १५० अर्धदक्ष र ३५५ अदक्ष जनशक्तिले रोजगारी प्राप्त गर्नेछन् ।

विद्युत् विकास विभागले सो आयोजनालाई अर्ध जलाशययुक्त प्रकृतिमा निर्माणका लागि यसअघि नै सहमति प्रदान गरिसकेको छ । इन्डेपेन्डेन्ट पावर कम्पनी नेपालले सो आयोजना निर्माण गर्ने जनाइएको छ ।

आयोजनाको यसअघि नदी प्रवाही आयोजनाका रूपमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको भए पनि पछिल्लोपटक अर्धजलाशय प्रकृतिमा निर्माण गर्ने भएपछि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न लागिएको छ । वन तथा वातावरण मन्त्रालयले आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कनका लागि आवश्यक सुझाव उपलब्ध गराउन आग्रह गरेको छ ।

आयोजनाको ग्रस हेड २३७.९ मिटर र रेटेड नेट हेड २२२.३ मिटर रहेको छ । आयोजनाको संरचना निर्माणका लागि २५.२८ हेक्टर सामुदायिक वन क्षेत्रबाट दुई हजार ४५९ वटा खोटेसल्ला, बाँझ, चिलाउने, उत्तिस, मौवा, मलाट, भलायो, जामुख आदि प्रजातिका रुख काट्नुपर्नेछ ।

आयोजनाबाट उत्पादित बिजुली नयाँ खिम्ती सबस्टशेन देवीटार दोलखामा जोडिने आयोजनाले जनाएको छ । आयोजनाको कुल लागत १९ अर्ब ११ करोड रूपैयाँबराबर रहनेछ । प्रवर्द्धक कम्पनीका अनुसार प्रतिमेगावाट लागत २० करोड रूपैयाँबराबर रहेको छ ।

आयोजना पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । ***रासस***

# कामपाद्वारा प्राचीन मूर्ति पुन:स्थापित

काठमाडौँ, ७ वैशाख । काठमाडौँ महानगरपालिकाले विभिन्न समयमा चोरी भएर विदेशका सङ्ग्रहालयमा पुगेका प्राचीन मूर्ति फिर्ता गर्ने र सङ्ग्रहालयमा राखिएका मूर्तिलाई आफ्नै स्थानमा फिर्ता गराउन थालेको छ ।

कामपाले विश्व सम्पदा दिवसको अवसर पारेर राष्ट्रिय सङ्ग्रहालय, छाउनीमा राखिएको १३ औँ शताब्दीको महागौरी/पार्वतीको नृत्य भावको प्रस्तर मूर्ति वडा नं २० मरुस्थित ग:गुठी सूर्यमुखी महादेव मन्दिर परिसरको आफ्नै आसनमा पुन:स्थापित गरेको छ ।

कामपा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गत, वडा नं २० का अध्यक्ष राजेन्द्र मानन्धर, सम्पदा अभियानकर्ताद्वय गणपतिलाल श्रेष्ठ र अधिवक्ता सञ्जय अधिकारीले सङ्ग्रहालयको जुद्धजातीय कलाशालामा राखिएको यो मूर्ति बुझेर ल्याउनुभएको हो ।

सङ्ग्रहालयका प्रमुख अरुणा नकर्मी, हनुमानढोका हेरचाह अड्डाका प्रमुख काजिमान प्याकुरेल, राष्ट्रिय सङ्ग्रहालयका सङ्ग्रहालय अधिकृत सुवासकृष्ण डङ्गोल र पुरातत्व विभागका पुरातत्व अधिकृत अमृता महर्जनको रोहवरमा सङ्ग्रहालयका भण्डारे विन्दा श्रेष्ठ र सहायक पथप्रदर्शक उषाकुमारी सिंहले मूर्ति बुझाउनुभएको हो ।

मूर्तिको नाप ६८.५ सेन्टिमिटर उचाइ र ३०.५ सेन्टिमिटर चौडाइको रहेको जनाइएको छ । सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गत भन्नुहुन्छ, “काठमाडौँको पहिचान जोगाउनु हाम्रो मुख्य दायित्वमध्येको एउटा दायित्व हो । यसप्रति हामी प्रतिबद्ध छौँ । नियमित काम गरिरहन्छौँ ।”

चोरिएर लण्डन पुगेको यो मूर्ति, नेपाली दूतावास बेलायतबाट फिर्ता भएपछि पुरातत्व विभागले २०५२ साल चैत २९ गते राष्ट्रिय सङ्ग्रहालयमा सुरक्षित राख्न पठाएको थियो ।

हरेक वर्ष अङ्ग्रेजी महिनाको एप्रिल १८ का दिन इन्टरनेसनल डे फर मोनुमेन्ट्स एन्ड साइट्स अर्थात् विश्व सम्पदा दिवसका रूपमा मनाउने गरिन्छ । इन्टरनेसनल काउन्सिल अन मोनुमेन्ट्स एन्ड साइट्स (स्मारक क्षेत्रहरूको अन्तर्राष्ट्रिय परिषद्) ले दिवस मनाउन सुरु गरेको हो ।

यो सन् १९६५ मा स्थापना भएको हो । परिषद्ले सन् १९८२ मा दिवस मनाउन राखेको प्रस्ताव त्यसको १ वर्षपछि युनेस्कोले पारित गरेपछि अन्तर्राष्ट्रिय रूपमा दिवस मनाउन थालिएको हो । नेपालमा भने सन् २०१० बाट दिवसलाई औपचारिक रूपमा मनाइन्छ । ***रासस***

# पच्चीस सय वर्ष पुरानो चण्डेश्वरी जात्रा

**- राजकुमार पराजुली**

काभ्रेपलाञ्चोक, ७ वैशाख । यहाँको ऐतिहासिक नगर बनेपामा करिब दुई हजार ५०१ वर्षदेखि चण्डेश्वरी जात्रा मनाइँदै आएको छ । विशेषगरी नेवार समुदायले हरेक वर्षको वैशाख पूर्णिमादेखि तीन दिनसम्म उक्त जात्रा मनाउने गर्दछन् ।

बनेपामा यही वैशाख १८ गते चण्डी पूर्णिमादेखि द्वितीयासम्म जात्रा मनाइँदै छ । तीन दिनसम्म मानिने उक्त जात्रामा यहाँका मानिसमा नयाँ उमङ्ग र उत्सव देखिन्छ । बनेपावासीका लागि यो जात्रा महान् पर्वका रूपमा लाग्ने गर्दछ । केही दिनयता जात्रा व्यवस्थापन समिति र स्थानीय जात्राको तयारीमा जुटेका छन् । वैशाख शुक्ल पूर्णिमा, जसलाई चण्डीपूर्णिमा नाम दिइएको छ, प्रत्येक वर्ष यहाँका बासिन्दाले मनाउने यो पर्वमा चण्डेश्वरी मन्दिर परिसर बेहुलीझैँ सिङ्गारिन्छ ।

जात्राको विधिअनुसार यहाँका घर चोख्याइन्छन् । पूर्णिमाको अघिल्लो दिन हनुमानढोकाबाट ल्याइने तरबार (खड्ग) सँगै जात्रामा सरकारको तर्फबाट समेत पूजा गर्ने व्यक्तिको सहभागिता रहनुले पनि बनेपाली यसको महत्त्वले अझ व्यापकता पाएकामा गर्व गर्छन् । जात्रा अवधिभर बनेपाका सबै नेवार समुदायका घरघरमा भोज गरिन्छ । बूढापाकाले टोल-टोलमा बसी भजन गाउँछन् भने जात्रा अवधिभर यहाँका सडक, गल्लीमा भीडभाड हुने गर्दछ ।

जात्राअन्तर्गत पहिलो दिन बिहान सबेरै बनेपादेखि पुण्यश्वर महादेवसम्म मत पूजा अर्थात् चिराग यात्रा गरिन्छ । धिमे, नायुखिं, छुस्यालगायत विभिन्न बाजागाजासहित आस्था भएका सबैले आआफ्नो घरबाट चिराग बोक्दै बनेपाको लायकुमा जम्मा भई जलेश्वर महादेव (जसिगा) सम्म पुगेर विसर्जन गर्ने प्रचलन छ ।

जात्राको विधिअनुसार तुलसीको काठद्वारा निर्मित रथमा देवी चण्डेश्वरीलाई रथारोहण गराई देवगृहबाट परिक्रमाका लागि निकाल्ने चलन छ । बनेपाको तीनधारामा बनाइएको पाङ्ग्रा नभएको खटलाई भेडा बलि दिइएपछि देवता नभएको खाली खटलाई विभिन्न बाजागाजासहित स्थानीय युवाहरूले बोकेर ‘ल्हाका पालुं हा:’ भन्दै चण्डेश्वरी मन्दिर पुर्‍याउँछन् ।

दोस्रो दिन बकुटोलबाट चण्डेश्वरीले भण्डासुर दैत्यको बध गरेपछि समाधि गरिएको स्थान भन्ने विश्वासअनुसार रथ पुर्‍याउने र भव्य स्वागत सत्कारका पूजाआजा गरी बलि दिने परम्परासमेत रहेको छ । खटलाई प्राचीन लायकु दरबारसम्म पुर्‍याउँदै र त्यहाँबाट चण्डेश्वरी देवीको मूर्तिलाई अर्को सानो खटमा राखेर पुन: वकुटोलमै ल्याउने गरिने परम्परा रहिआएको छ । यस्तै मूर्तिलाई सानो खटमा राखेर पुन: चण्डेश्वरीमा पुर्‍याएपछि जात्रा सकिने गर्छ । ***रासस***

# काठमाडौँ-ढाका नियमित उडान गर्ने तयारी

काठमाडौँ, ७ वैशाख । नेपाल वायु सेवा निगमले निकट भविष्यमै काठमाडौँदेखि बङ्गलादेशको राजधानी ढाकासम्म सिधा उडान गर्ने तयारी गरेको छ ।

निगमले आवश्यक तयारी थालेको र त्यसका लागि सम्भाव्यता अध्ययन उपसमिति गठन गरी आवश्यक कार्य भइरहेको जनाएको छ । छिमेकी देश भए पनि बङ्गलादेशको राजधानी ढाकामा नेपाली ध्वजावाहक विमानले उडान भर्न सकेको थिएन । सोही आवश्यकतालाई ध्यानमा राखेर आवश्यक प्रक्रिया अगाडि बढाइएको निगमका अपरेसन विभाग निर्देशक एवं वरिष्ठ क्याप्टेन सुवास रिजालले जानकारी दिनुभयो ।

बङ्गलादेशबाट हाल काठमाडौँमा नियमित उडान हुँदै आएको छ । नेपालको निजी क्षेत्रको हिमालयन एयरलाइन्सले पनि ढाकामा उडान भर्दै आएको छ । राष्ट्रिय ध्वजावाहकको उडान भने हालसम्म हुनसकेको छैन । अध्ययन समितिले दिने प्रतिवेदनका आधारमा उडान तय गरिने निगमले जनाएको छ ।

त्यसैगरी निगमले काठमाडौँ-दिल्ली-काठमाडौँ हवाई उडान सेवा थप विस्तार गरेको छ । हाल सो रुटमा निगमले गत चैत १७ गतेदेखि सातामा थप तीन दिन उडान थप गरेको छ । नयाँ व्यवस्थापछि काठमाडौँ-दिल्ली-काठमाडौँ साताको १० उडान भइरहेको छ ।

कार्गो व्यवसायलाई थप सुदृढ एवं उपलब्धिमूलक बनाउन कार्गो म्यानेजमेन्ट सिस्टम स्टडी टास्कफोर्स गठन गरिएको छ । ***रासस***

# सरकारी ‘वेबसाइट’ मा अपाङ्ग पहुँचमैत्री सुविधा

काठमाडौँ, ७ वैशाख । सूचना प्रविधि विभागले सरकारी ‘वेबसाइट’ हरूलाई सबै नागरिकका लागि सहज, पहुँचयोग्य र प्रयोगमैत्री बनाउने उद्देश्यले नयाँ वेब पहुँच सुविधा कार्यान्वयनमा ल्याएको छ ।

सरकारी एकीकृत बेवसाइट व्यवस्थापन प्रणाली (जिआइएमडब्लुएस) अन्तर्गत सुरु गरिएको यस कार्यले विशेषगरी अपाङ्गता भएका तथा सहायक प्रविधिमा निर्भर प्रयोगकर्तालाई लक्षित गरेको विभागका महानिर्देशक श्रीचन्द्र साहले जानकारी दिनुभयो ।

विभागका अनुसार अब सरकारी वेबसाइटहरू ‘किबोर्ड’ को प्रयोगबाट मात्र पनि सहज रूपमा सञ्चालन गर्न सकिनेछ । यसअन्तर्गत प्रयोगकर्ताले ‘माउस’ प्रयोग नगरीकनै वेबसाइटको सम्पूर्ण भागमा पहुँच पाउन सक्नेछन् । साथै, ‘स्किप नेभिगेसन’ लिङ्कको व्यवस्था गरिएकाले किबोर्ड तथा ‘स्क्रिन रिडर’ प्रयोग गर्ने व्यक्तिहरूले सबै नेभिगेसन सामग्री छोडेर सिधै मुख्य विषयवस्तुमा जान सक्ने सुविधा प्राप्त गर्नेछन् ।

वेबसाइटमा राखिएका सबै महत्त्वपूर्ण तस्बिर, लोगो, चिह्न तथा सेवासम्बन्धी तस्बिरहरूमा ‘अल्ट टेक्स्ट’ राखिएको विभागले जनाएको छ । जसले स्क्रिन रिडर प्रयोगकर्तालाई सामग्री बुझ्न सहज बनाउनेछ ।

त्यस्तै, फाराम भर्ने क्रममा आउने त्रुटि सन्देश र सुझावहरू पनि अब सजिलै सुन्न र बुझ्न सकिने गरी तयार पारिएको छ ।

सर्च, सम्पर्क फारामजस्ता सबै ‘इनपुट’ क्षेत्रमा स्पष्ट नाम र चिह्न राखिएकाले स्क्रिन रिडर प्रयोगकर्तालाई सजिलै प्रयोग गर्न मद्दत पुर्‍याउने विभागले जनाएको छ । त्यस्तै, किबोर्ड प्रयोगकर्ताका लागि वेबसाइटभित्र आफू कुन स्थानमा छु भन्ने कुरा स्पष्ट देखिने गरी दृश्य सङ्केतहरू पनि समावेश गरिएको छ ।

यसैगरी, फाराम पेस गरेपछि प्राप्त हुने सन्देशहरू पनि स्क्रिन रिडर प्रयोगकर्ताले सजिलै थाहा पाउने गरी व्यवस्था गरिएको छ । यी सुधारहरू सामान्य प्रयोगकर्ताका लागि प्रत्यक्ष रूपमा धेरै देखिने परिवर्तन नदेखिए पनि सहायक प्रविधिमा निर्भर व्यक्तिहरूका लागि भने अत्यन्त उपयोगी हुने विभागको भनाइ छ ।

यस्ता पहुँचमैत्री सुधारहरूले सबै नागरिकलाई समान रूपमा ‘डिजिटल’ सेवामा पहुँच पुर्‍याउने लक्ष्यलाई थप मजबुत बनाउने विश्वास गरिएको महानिर्देशक साहले बताउनुभयो । साथै, यसले समावेशी र प्रविधिमैत्री शासन प्रणाली निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको उहाँको भनाइ छ । ***रासस***

सङ्क्षिप्त समाचार

## लुम्बिनी प्रदेशसभाको बैठक बस्दै

घोराही (दाङ), ७ वैशाख । लुम्बिनी प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत तेऱ्हौँ बैठक सोमबार दिउँसो १:०० बजे बस्ने भएको छ ।

प्रदेशसभा सचिवालयले सार्वजनिक गरेको सम्भावित कार्यसूचीअनुसार बैठकमा सर्वप्रथम प्रदेशसभा सदस्यहरूले समसामयिक विषयमा विशेष समयमा आफ्ना धारणा राख्ने कार्यक्रम रहेको छ ।

त्यसैगरी, सामाजिक विकास समितिका सभापति यमबहादुर नेपाली सार्कीले दलितको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदन सभामा पेस गर्ने कार्यसूची रहेको छ ।

यस्तै, कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले समितिको वार्षिक प्रतिवेदन सभामा पेस गर्ने कार्यक्रम तय गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ । ***रासस***

## चट्याङ लागेर युवकको मृत्यु

गोरखा, ७ वैशाख । गोरखामा चट्याङ लागेर एक युवकको मृत्यु भएको छ । आइतबार साँझ चट्याङ लागेर घाइते भएका सहिद लखन गाउँपालिका-५, तोरेनस्थित पोखरीडाँडाका २६ वर्षीया विनोद थापाको उपचारका क्रममा गएराति मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार घरभित्र मोबाइल चलाएर बसिरहेका बेला एक्कासि चट्याङ परेर थापा गम्भीर घाइते भएका थिए । उनको पचारका क्रममा प्रदेश अस्पताल गोरखामा मृत्यु भएको हो । ***रासस***

## असिनाले ७४ सवारीसाधनमा क्षति

चितवन, ७ वैशाख । जिल्लामा आइतबार साँझ आएको असिना सहितका पानीबाट ७४ सवारीसाधनमा क्षति पुगेको छ । जिल्ला प्रहरी कार्यालका अनुसार इच्छाकामना गाउँपालिका-३, ४ र ५ कुरिननिटार, मुग्लिनसहित पृथ्वी राजमार्गबाट विभिन्न गन्तव्यमा जाँदै गरेका र पार्किङ गरी राखिएका ती सवारीसाधनमा क्षति पुगेको हो ।

कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालका अनुसार क्षति पुगेका सवारीसाधनहरू कार ५७, माइक्रो बस १५, मोटरसाइकल र ट्रक एक/एक छन् । उहाँका अनुसार ती सवारीसाधनको सिसामा क्षति पुगेको छ । ***रासस***

## राप्ती नदीमा भेटियो १७ घडियालको गुँड

चितवन, ७ वैशाख । राप्ती नदीमा १७ घडियाल गोहीको गुँड भेटिएको छ । चितवन राष्ट्रिय निकुञ्जले गत चैत १ गतेदेखि राप्ती नदीमा गोहीको गुँड खोज्ने काम सुरु गरेको थियो । सोही समयमा ती गुँड भेटिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार दुई जना बोटे समुदायका व्यक्तिलाई लगाएर गुँड खोजिएको हो । हरेक वर्ष चैतमा गुँड खोजेर वैशाखमा ती गुँडबाट अण्डा सङ्कलन गरिन्छ । उहाँका अनुसार अण्डा सङ्कलनको काम यही वैशाख १० गतेदेखि सुरु गरिने छ ।

उहाँले भन्नुभयो, “अहिले गुँड पहिचानको काम सकिएको छ । अब हामीले कुन कुन गुँडबाट अण्डा निकाल्ने भन्ने छलफल गरेर अण्डा सङ्कलन गर्छौं ।” गुँडमा रहेका अण्डा सङ्कलन गरी कार्यालयमा रहेको गोही प्रजनन केन्द्रमा लगेर बच्चा कोरल्ने प्रक्रिया सुरु गरिने उहाँले जानकारी दिनुभयो । यसअघिका वर्षहरूमा निकुञ्जले राप्ती र नारायणी नदीमा गोहीका गुँड खोज्ने काम गरे पनि यस वर्ष राप्ती नदीमा मात्र खोजिएको हो । निकुञ्जको प्रजनन केन्द्रमा गोहीको अण्डाबाट चल्ला निकालिएपछि ती चल्ला हुर्काएर पुनः नदीमा छोड्ने गरिन्छ । ***रासस***

## गुल्मीमा चरा प्रजातिको सङ्ख्या ३५५ पुग्यो

गुल्मी, ७ वैशाख । जिल्लामा फेलापरेका चरा प्रजातिको सङ्ख्या ३५५ पुगेको छ । पछिल्लो गणनाअनुसार ३० प्रजातिका नयाँ चरा थपिएसँगै जिल्लामा हालसम्म फेलापरेका चरा प्रजातिको सङ्ख्या ३५५ पुगेको हो ।

नेपाल पन्छी संरक्षण सङ्घले जिल्लामा गरेको पछिल्लो गणनाको क्रममा थाप्ले सत्यवती वन क्षेत्रमा थप ३० प्रजातिका नयाँ चरा फेलापरेका हुन् । जिल्लाको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा गरिएको चरा सर्वेक्षणका क्रममा उक्त चरा फेलापरेको नेपाल पन्क्षी संरक्षण सङ्घका परियोजना अधिकृत शम्भु भट्टराईले जानकारी दिनुभयो ।

यसअघि रेसुङ्गा र मदाने वन संरक्षित क्षेत्रमा वर्षमा दुईपटक चरा सर्वेक्षण गरिँदै आएको थियो । सर्वेक्षणका क्रममा नयाँ फेला परेका चरामा तिलहरी, मोटो ठूँडे, पुष्प कोकिला, उमाचाँचर, तिबिल्चे, मुरालिडे ढिकुरे भ्याकुर, निलो लघुपँख, हटचुर चाँचर, हलीमुख, सिम कुखुरालगायत रहेको परियोजना अधिकृत भट्टराईले जानकारी दिनुभयो ।

गुल्मीको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती क्षेत्र आजभोलि दुर्लभ चराको मुख्य बासस्थान बनेको छ । विश्वमा पाइने दुर्लभ चरामध्ये गुल्मीमा छ प्रजातिका चरा फेलापरेका हुन् । दुर्लभ प्रजातिका चरामध्ये रेसुङ्गा वन संरक्षित क्षेत्रमा चिरकालीज, रणमत्त महाचिल, डङ्गर गिद्ध, सेतो गिद्ध, सुन गिद्ध र गोमायो माहाचिल रहेका छन् । नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर जिल्लाको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती वन क्षेत्रमा रेकर्ड गरिएको छ । नेपालमा पाइने ९०३ प्रजातिका चरामध्ये गुल्मीमा विभिन्न प्रजातिका ४० प्रतिशत चरा फेलापरेको परियोजना अधिकृत भट्टराईले जानकारी दिनुभयो । ***रासस***



**मुक्तिनाथ मन्दिरमा दर्शन गर्न डोलीमा जाँदै भक्तजन**

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा अवस्थित मुक्तिनाथ मन्दिरमा पूजा आराधना तथा दर्शन गर्न डोली चढेर जाँदै श्रद्धालु भक्तजन । अशक्त, बिरामी र ज्येष्ठ नागरिकलाई मजदुरले डोलीमा मुक्तिनाथ मन्दिर लैजाने गर्छन् । *तस्बिर: सुशीलबाबु थकाली/रासस*

# पाँचथरको फालोट क्षेत्रस्थित ‘गोठ-बास’ मा पर्यटक आकर्षित हुँदै

पाँचथर, ७ वैशाख । पाँचथरको फालेलुङ गाउँपालिकाको चारराते-फालोट क्षेत्रमा नौ वर्षदेखि आयोजना भइरहेको चौँरी पर्यटन महोत्सवले यहाँका चौँरीपालकहरूलाई फाइदै फाइदा पुऱ्याएको छ ।

विसं २०७४ सालदेखि समुन्द्री सतहबाट तीन हजार ५०० मिटर उचाइको फालोट क्षेत्रमा आयोजना हुने महोत्सवले चौँरीपालन संवर्द्धन हुनाका साथै चौँरीजन्य सामग्रीले अन्तर्राष्ट्रिय बजार पाएको छ । चौँरीपालकका गोठहरू नै अहिले पर्यटक बस्ने स्थल बनेका छन् भने यहाँ पूर्वाधार विकास पनि बढ्दै गएको छ ।

फालोट याक गोठबासका सञ्चालक एवम् अगुवा चौँरीपालक चन्द्रलाल नेपालका अनुसार महोत्सव आयोजना हुन थालेपछि चौँरी गोठालाहरूमै उत्साह बढेको छ । फालोट क्षेत्रमा ०७४ सालअघि १८ वटा चौँरी गोठ रहेकामा अहिले ३१ वटा गोठ रहेका छन् ।

उहाँले भन्नुभयो, “पेसाप्रति युवा र महिलाहरू आकर्षित छन् । पहिले पुरुषहरू मात्रै गोठमा बस्ने चलन थियो”, “गोठहरू पहिलेभन्दा धेरै सुधार भएका छन् । अहिले गोठमै पर्यटकलाई राख्ने प्रबन्ध भएको छ ।” जसलाई ‘गोठ-बास’ (गोठ-स्टे) भनिन्छ । गोठालाहरू नै पर्यटनतर्फ आकर्षित भएका छन् । तर सबै गोठमा गोठबास कार्यान्वयन हुन सकेको छैन । अहिले १०-१२ वटा गोठले मात्रै पर्यटक राख्न सक्छन् । सन्दकपुर आहालदेखि फालोटसम्म रहेका यी गोठमा गरेर करिब १५० मानिस यहाँ बास बस्न सक्दछन् ।

वार्षिक रूपमा कम्तीमा पाँच हजार पर्यटक आउने गरेको नेपालको भनाइ छ । असार, साउन र भदौमा अत्यधिक वर्षाका कारण गोठहरू गाउँतर्फ झारिने हुँदा पर्यटकहरूलाई पुग्न र बास बस्न कठिन पर्ने गरेको छ । पहिले यहाँ चौँरीको घ्यू र छुर्पी मात्रै उत्पादन हुने गरेकामा अहिले चिज उत्पादन गरी बिक्री हुँदै आएको छ । महोत्सवकै कारण चौँरीजन्य सामग्रीले बजार पाएको, सरकारी निकायहरूले सहयोग गर्न थालेका र पर्यटकहरू पुग्न थालेको नेपालको भनाइ छ ।

फालेलुङको चारराते, तीन सिमानालगायत क्षेत्रका चौँरीपालकहरूको समूह कञ्चनजङ्घा याक चिज उत्पादक समूहका अध्यक्ष रामचन्द्र गुरुङका अनुसार पछिल्ला वर्षहरूमा चौँरीको सङ्ख्यामा अत्यधिक वृद्धि हुँदै गएको छ । चौँरीपालनमै आधारित भएर जीविकोपार्जन गर्नेको सङ्ख्या पनि बढेको छ भने पर्यापर्यटनको विकासमा धेरै ठुलो मद्दत पुगेको छ । यसको मुख्य कारण पर्यटकको सङ्ख्या बढ्दै जानु हो । चौँरी महोत्सवले पर्यटक भित्र्याएपछि चौँरीका सामग्रीले राम्रो मूल्य पाउन थालेका छन् ।

गुरुङका अनुसार चौँरीको हाडखोर पनि बिक्री हुन्छ । सिङ, पुच्छर पनि बिक्री हुन्छ । चौँरीका धेरै सामग्री धार्मिक/सांस्कृतिक कार्यमा प्रयोग गरिने हुँदा धेरै माध्यमबाट गोठालाहरूले आम्दानी गर्ने गरेका छन् ।

पछिल्लो समय नयाँ याकहरू ल्याएर चौँरीका नयाँ प्रजातिको विकासको प्रयास भइरहेको छ, जसले चौँरीको सङ्ख्या बढाउँदै लगेको छ । ताप्लेजुङका हिमाली भेग र भूटानबाट याक ल्याएर उन्नत प्रजाति उत्पादनको प्रयास चलिरहेको छ, जसमा अहिलेसम्म ४० बढी चौँरी हुर्किएको गुरुङको भनाइ छ । अब सरकारले चौँरीमा कृत्रिम गर्भाधानमा सहयोग गर्नुपर्ने उहाँको माग छ ।

चौँरीजन्य सामग्रीको बजार पनि सहजै रहेको अध्यक्ष गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, “छुर्पीको निर्यात कहिलेकाहीँ समस्या आउने गरेको छ । तर बिक्री राम्रै भइरहेको छ । अहिले याक चिज उत्पादन भइरहेको छ । यसको बजार पनि राम्रै छ । तर मूल्य वृद्धि हुनुपर्छ ।” याक चिज काठमाडौँमा धेरै निर्यात हुन्छ । अहिले चिज प्रतिकिलो रु. ८०० देखि रु. एक हजारसम्ममा बिक्री भइरहेको छ भने चौँरीको घ्यू रु. ८०० छ ।

उत्पादित सामग्रीको मूल्य भने कम भएको अध्यक्ष गुरुङको गुनासो छ । गुरुङले भन्नुभयो, “गाई र चौँरीका दुग्धजन्य सामग्रीमा धेरै अन्तर छ । चौँरी त जडीबुटी चरेर दूध दिने जनावर हो । तर, गाई र चौँरीका दुग्धजन्य सामग्रीको मूल्य करिब बराबर छ । यसले त उत्पादन लागत पनि उठ्न गाऱ्हो हुन्छ ।”

यसपटक पाँचथरकै याङरुमा उत्पादित भेडाको घ्यूसमेत महोत्सवमा राखिएको थियो । असाध्यै मेहनत पर्ने भएकाले भेडाको घीउ प्रतिकिलो रु. १२ हजार पर्ने गरेको बिक्रेता लोकेश गुरुङको भनाइ छ । उहाँले भन्नुभयो, “भेडाको व्यावसायिक पालन घट्दै गएको अवस्था छ । माग अत्यधिक छ तर, घीउ उत्पादन गर्न कठिन पर्ने गरेको छ । यसमा राज्यले पनि केही सहयोग गरे हामीलाई सहज हुन्थ्यो ।”

विगत नौ वर्षदेखि नयाँ वर्षको दिन चाररातेमा चौँरी महोत्सव आयोजना हुने गरेको छ । महोत्सवमा नेपालका विभिन्न जिल्लासहित भारत, भूटान, बङ्गलादेशबाट पर्यटक आउने गर्दछन् । महोत्सवका अवसरमा भेला पारिने सयौँ चौँरीको बथान हेर्ने, यहाँबाट नेपाल, भारत र भूटानका हिमशृङ्खलाको दृश्यावलोकन गर्ने, ढकमक्क फुलेको गुराँस र चिमलको रङ्गमा हराउनमै धेरै पर्यटक व्यस्त हुन्छन् । हिमाली संस्कृतिको जीवन्त प्रस्तुतिसँग साक्षात्कार गर्न पाउँदा सबैले यस नेपाल-भारत सीमावर्ती उच्च पहाडले आकर्षित गर्ने गरेको फालेलुङ गाउँपालिकाका उपाध्यक्ष महेन्द्रहाङ जबेगूको भनाइ छ । ***रासस***

# सामुदायिक वनको आम्दानीको बेत बाँस

भजनी (कैलाली), ७ वैशाख । कैलालीको टीकापुर नगरपालिका-७ स्थित सत्ती कर्णाली सामुदायिक वन बेत बाँसका लागि प्रख्यात छ । सामुदायिक वनले बर्सेनि लाखौँको बेत बाँस सङ्कलन गर्दै आएको छ ।

वनको प्रमुख आम्दानीको स्रोत नै बेत बाँस हो । आर्थिक हिसाबले सम्पन्न सामुदायिक वनले बेत बाँसको सङ्कलनमा दर्जनौँ स्थानीयलाई रोजगारी सिर्जन गर्दै आएको छ । अहिले वनबाट काँचो बेत सङ्कलन भइरहेको छ । दर्जनौँ स्थानीय बेत सङ्कलनमा छन् । उहाँहरूले सङ्कलन गरेको बेत वनले प्रतिकेजी रु. ११ मा खरिद गर्दै आएको छ ।

तीन हजार क्विन्टल बेत बाँस सङ्कलन गर्ने लक्ष्य लिएको सामुदायिक वनले आवश्यकताअनुसार कामदार नपाउँदा लक्ष्य भेटाउन मुस्किल भएको वन कार्यालय प्रमुख मीनबहादुर ठकुल्ला बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “अहिलेसम्म लगभग ९०० क्विन्टल सङ्कलन भएको छ । लक्ष्यअनुसार यस वर्ष पनि बेत सङ्कलन हुँदैन । कामदार पाउन निकै गाऱ्हो हुँदा गत वर्ष पनि लक्ष्यअनुसारको बेत सङ्कलन गर्न सकिएको थिएन । वनले गत वर्ष एक हजार ४०० क्विन्टल बेत बाँस सङ्कलन गरेको थियो ।

वनमा १४६ हेक्टरमा बेत बाँस छ । त्यसमध्येको १० हेक्टरभन्दा बढी कर्णाली नदीको कटानमा परिसकेको छ । चार भागमा विभाजन गरेर वनले पाँच वर्षमा एक पटक एक भागको बेत बाँस सङ्कलन गर्दै आएको छ । सामुदायिक वनका अध्यक्ष जितराम चौधरी भन्नुहुन्छ, “हामीले वर्षमा ७० देखि ८० लाखसम्मको बेत बाँस बिक्री गरेको रेकर्ड छ । त्यसरी आम्दानी भएको रकम उपभोक्ताहरूलाई प्रदान गर्ने सेवामा खर्च गर्ने गरेका छौँ ।” उहाँका अनुसार बर्सेनि वनले ज्येष्ठ नागरिकलाई जाडोको समयमा कम्बल वितरण गर्दै आएको छ ।

उपभोक्ताका बालबालिकालाई छात्रवृत्ति, उपभोक्ताको परिवारमा कसैको निधन हुँदा किरिया खर्चबापत नगद वनले सहयोग गर्दै आएको छ । काँचो बेत प्रतिकेजी रु. ११ मा खरिद गरेको सामुदायिक वनले त्यसलाई सुकाएर उपभोक्ताका लागि प्रतिकेजी रु. ५० मा उपलब्ध गराउँदै आएको छ । बाहिर बिक्री गर्नुपर्दा प्रतिकेजी रु. ९० मा बिक्री गरे पनि ‘टेन्डर’ मार्फत रु. १०५ प्रतिकेजीसम्म बिक्री हुने गरेको अध्यक्ष चौधरीको भनाइ छ ।

उहाँका अनुसार बजारमा बेतको माग उच्च रहे पनि त्यो मागलाई पूरा गर्न सकिएको छैन । टीकापुरमा मात्रै बेत बाँसका फर्निचर उत्पादन गर्ने दर्जनौँ उद्योग सञ्चालनमा छन् । ती सबैको कच्चापदार्थको स्रोत त्यहीँ सामुदायिक वन हो । बर्सेनि कर्णाली नदीको कटानका कारण सामुदायिक वनको क्षेत्रफल खुम्चिँदै गएको छ । टीकापुर नगरपालिकाको दक्षिण पूर्वी क्षेत्र बर्सेनि जोखिममा पर्दै गएको छ । ***रासस***

। सम्पादकीय ।

# सामानको भाउमा अधिक मूल्यवृद्धि

लामो समयपछि एकाएक सामानको भाउ बढेको समय अहिले नै हो । सामानको विगतमा पनि थोरै धेरै नबढेको होइन । तर, यो पटक पहिलेभन्दा धेरै बढेको छ । महँगीको भारले जनताको ढाड सेकेको छ । इन्धनको मूल्यवृद्धिले सुरु भएको महँगीले हरेक क्षेत्र ढाकेको छ । सिमेन्ट, दण्डी, बालुवा, रोडाको मात्र होइन यातायातको भाडा बढेको छ । अरु त के बोटल र जारको पानीमा पनि अत्यधिक मूल्यवृद्धि भएको छ । विगतमा चर्को र ठुलो स्वरमा महँगीको विरोध गर्ने एक दल रास्वपा हो । तर, आज आफ्नै पार्टीको नेतृत्वमा सरकार भएको बेला एकाएक ठुलो मूल्यवृद्धि भएको छ । देश र जनताप्रति समर्पित नभएको दलले बहुमत जनताको पक्षमा बोल्दैन; ऐन कानुन बनाउँदैन । भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्काजस्ता मुलुकमा मूल्यवृद्धि नभए पनि नेपालमा कसरी बढ्यो भने प्रश्न तेर्सिएको हो ।

अर्थ विश्लेषकहरूका अनुसार कालोबजारी नियन्त्रण गर्ने, पेट्रोलियममा कर समायोजन गर्ने, सार्वजनिक यातायातमा सहुलियत दिने, अत्यावश्यक वस्तुमा मूल्य नियन्त्रण गर्नेजस्ता उपाय अपनाएर जनतालाई राहत दिन सकिन्छ । सरकारले महँगी नियन्त्रण गर्न सक्छ । नियन्त्रण गर्नेतर्फ सरकारको ध्यान पुग्नुपर्छ । जनताले भोगिरहेको पीडा र असहजतालाई सरकारले सम्बोधन गर्न सकेको छैन । पेट्रोलियम पदार्थको मूल्यवृद्धिलाई समायोजन गर्न सकियो भने र अन्तर्राष्ट्रिय मूल्य घट्दा त्यसको लाभ तत्काल दिने काम भयो भने मूल्यवृद्धि नियन्त्रण गर्न सकिन्छ । बजारमा अधिकांश उपभोग्य वस्तुमा मूल्यवृद्धि भएको छ । रड, सिमेन्ट र प्लास्टिकजन्य सामग्रीको मूल्य बढेको कारण विकास निर्माणको कार्यमा पनि असर परेको छ । जनतालाई समस्याबाट मुक्त बनाउने प्रयास नथाल्नु सरकारको कमजोरी हो ।

वैशाख ६ गतेको नेपाल समाचारपत्रमा लेखियो, उफ्, महँगी ! भान्सामा चुलो बल्नै कठिन, सरकार रमिते', 'छिमेकीले दिए राहत नेपालमा करको भार', 'महँगी नियन्त्रणमा सरकार असफल ।' यी शीर्षकको समाचारले नेपालमा महँगीको चाप बढेको थाहा हुन्छ । उपभोक्ताको लागि यो मूल्यवृद्धि थप पीडादायी बनेको छ । उपभोक्ता अधिकारकर्मीहरूका अनुसार सरकार महँगी नियन्त्रण गर्न चुकेको छ । दक्षिण एसियाली देशहरूमा इन्धन मूल्य व्यवस्थापनको अभ्यास हेर्दा नेपाल पछि परेको छ । हुँदा हुँदा पाठ्यपुस्तकमा समेत कालोबजारी भएको छ । सरकारको बेवास्ताको कारण केही निजी प्रकाशन तथा बिक्रेताले पाठ्यपुस्तक बिक्रीमा कालोबजारी गरेको छ । पाठ्यक्रम विकास केन्द्रसँग स्वीकृति नलिएका प्रकाशकले पाठ्यक्रम विकास केन्द्रले तोकेभन्दा झण्डै शत प्रतिशत बढी मूल्य राखेर बिक्री गरिरहेको छ ।

पानी उद्योगमा प्रयोग हुने कच्चा पदार्थको ४० प्रतिशत मूल्यवृद्धि भएपछि नेपाल पानी उद्योग महासङ्घले बोटल र जारको मूल्य समायोजन गर्ने भने तापनि खानेपानी तथा सरसफाइ महसुल निर्धारण आयोगले महासङ्घले जार र बोटलको पानीको मूल्य तोक्न नपाउने जनाएको छ । त्यस्तै हवाई भाडा पनि अकासिएको छ । यातायात आवास तथा अन्य खर्च बढेसँगै पर्यटन क्षेत्र पनि प्रभावित हुने आशङ्का गरिएको छ । यसको कारण ट्रेकिङ र यात्राको बुकिङ प्रभावित भएको छ । देशको एक मुख्य आयस्रोत पर्यटन क्षेत्र पनि हो । पर्यटकहरूको आगमन घट्नुको अर्थ आयस्रोत पनि घट्नु हो । आयस्रोत घटेपछि विकास कार्य योजनामा असर पर्छ र देशको अर्थतन्त्र नाजुक हुन्छ । नेपाल पानी उद्योग महासङ्घले प्रशोधित पिउने पानीको मूल्य वृद्धि गर्ने निर्णय गरेको हो । उद्योगमा प्रयोग हुने बोटल, क्याप जार र जार क्यापलगायत कच्चा पदार्थको मूल्यमा करिब ४० प्रतिशतसम्म वृद्धि भएको छ ।

विगतमा महँगी हुँदा सरकारको खुब विरोध गर्ने रास्वपाका नेताहरू अहिले त्यो भन्दा बढी मूल्य बढे पनि मौन छन् या महँगी स्वीकारेका छन् । महँगी बढेको कारण जनताको जीवन कष्टकर बनेको छ । हरेक दिन काम गरेर जीवन जोहो गर्ने सर्वसाधारण यो महँगीको भारिले आफ्ना सन्तानलाई पढाउन समस्या भएको बताउँछन् । यसले गर्दा सरकारको नेतृत्व तहमा जो जोगी आए पनि उस्तै हो भन्न थालेका छन् । उपभोक्ताहरू पुँजीवादी व्यवस्थामा भ्रष्टाचार र अनियमितता मात्र होइन महँगी पनि छायासरि हुने बताउँछन् ।

# घृणाको राजनीति बढाउने नयाँ हतियार 'घरपालुवा जनावरको रूपमा सुँगुर'

✍ डा. राम पुनियानी

"दिल्लीको त्रिनगरमा केही हिन्दू परिवारहरूले भक्तिभावको एउटा नयाँ स्वरूप र मुस्लिम छिमेकीहरूलाई हतोत्साहित गर्ने एउटा नयाँ तरिका अपनाएका देखिन्छन्; सुँगुर । यी जनावरहरूलाई घरमा खोरहरूमा राखिएको छ, जबकि भित्ताहरूमा अन्य देवीदेवताहरूजस्तै गहनाले सजिएका एक शक्तिशाली सुँगुरको अनुहार भएका देवताका पोस्टरहरू टाङ्गिएका छन् ।" यो घटना मुस्लिम बस्ती नजिकैको क्षेत्रमा भइरहेको छ । खोरमा रहेका सुँगुरहरूको नाम 'अब्दुल' वा 'रहमान' जस्ता राखिएका छन् र जब कुनै मुस्लिम व्यक्ति त्यहाँबाट गुज्रिन्छन्, ती नामहरू ठुलो स्वरले कराउँदै उच्चारण गरिन्छ । यसको समानान्तरमा भगवान विष्णुको तेस्रो अवतार मानिने भगवान बराहको हतियारसहितको सुसज्जित चित्र राखिएको छ । कसैले यो चलन एक वर्ष अघिदेखि सुरु भएको दाबी गर्छन् भने कसैले यो केही महिना पुरानो घटना मात्र भएको ठान्छन् । सुँगुरप्रति मुस्लिमहरूको अरुचि सर्वविदितै छ र यो मुस्लिमहरूलाई कुनै न कुनै रूपमा उक्साउने एउटा विधि हो । यस्ता प्रविधिहरू सामान्यतया समुदायहरूबिच घृणाको पर्खाल खडा गर्ने पूर्वसन्ध्यामा प्रयोग गरिन्छ ।

यो कसको उर्वर र घृणित कल्पनाले सुरु गरेको हो भन्ने थाहा छैन, न त यो दिल्लीको एउटा मात्र इलाकामा सीमित छ कि छैन भन्ने नै थाहा छ, तर निश्चित रूपमा यो अर्को एउटा विभाजनकारी हतियार थप ठाउँहरूमा फैलाइने खतरा छ, जसले घृणा र हिंसा फैलाएर लाभ उठाउनेहरूको शस्त्र भण्डारमा वृद्धि गर्नेछ ।

चाखलाग्दो कुरा के छ भने, ९/११ को घटनापछि अमेरिकी सञ्चारमाध्यमले 'इस्लामी आतङ्कवाद' भन्ने शब्दावली प्रतिपादन गरेसँगै 'इस्लामोफोबिया' ( इस्लामप्रतिको डर वा घृणा) एक प्रमुख विश्वव्यापी घटना बनेको छ । न्युयोर्कका मेयर जोहरान ममदानीको कार्यालय अगाडि पनि यस्तै घटना घटेको पाइनु आँखा खोल्ने खालको र रोचक छ । "गत महिना, न्युयोर्कमा 'मागा' ( MAGA) समर्थकहरूले मुस्लिम मेयर जोहरान ममदानीको कार्यालय अगाडि सुँगुर पोल्ने (Pig Roast) कार्यक्रम आयोजना गरे । तर यस्ता घटनाहरूको सबैभन्दा हाँसउठ्दो पक्ष के छ भने, यी सबै अज्ञानतामा आधारित गलत बुझाइमा टिकेका छन् । हिन्दू र इसाईहरूले जति चाहे पनि सुँगुरको मासु खान सक्छन् र सुँगुरलाई घरपालुवा जनावरका रूपमा राख्न सक्छन्; यसले मुस्लिमहरूलाई कुनै फरक पर्दैन ।"

विगत केही वर्षहरूमा सुँगुरलाई



त्यति धेरै बहाना बनाइएको थिएन, बरु 'गाई' नै चर्चाको केन्द्रमा थियो । स्वतन्त्रता सङ्ग्रामको समयमा साम्प्रदायिक शक्तिहरूले सुँगुरलाई साम्प्रदायिक राजनीतिको एउटा साधनका रूपमा प्रयोग गर्थे । त्यस समयमा हिंसा भड्काउने बहानाका रूपमा गाई र सुँगुर दुवै अग्रपङ्क्तिमा हुन्थे । यस सन्दर्भमा भीष्म साहनीको पुरस्कार विजेता पुस्तकमा आधारित गोविन्द निहलानीको उत्कृष्ट लघु-श्रृङ्खला 'तमस' को सम्झना आउँछ । यस कथामा, नत्थु नामका एक दलितलाई एक मुस्लिम राजनीतिज्ञले पैसा दिएर एउटा सुँगुर मार्न र त्यसलाई मस्जिदमा राखिदिन लगाउँछन् । ती साम्प्रदायिक राजनीतिज्ञलाई राम्रोसँग थाहा थियो कि यसले हिंसा निम्त्याउनेछ र उनको सामाजिक-राजनीतिक कद बढाउनेछ ।

हालैका समयमा मन्दिरहरूमा बीफ (गाईको मासु) राखेर हिंसा भड्काउने प्रयास गरिएका छिटपुट घटनाहरू भएका छन् । धेरैजसो घटनामा बजरङ्ग दलका कार्यकर्ताहरू नै यसमा संलग्न पाइएका छन् । "उत्तर प्रदेश पुलिसले गाई काटेको र एक मुस्लिम व्यक्तिलाई झूटा मुद्दामा फसाउन खोजेको आरोपमा बजरङ्ग दलका मुरादाबाद जिल्ला अध्यक्ष मोनू विश्नोइसहित चार जनालाई पक्राउ गरेको छ । उनीहरूमाथि प्रहरीविरुद्ध षड्यन्त्र गरेको आरोपसमेत लगाइएको छ ।" गाईवस्तु ओसारपसार गर्नेहरूमाथि आक्रमण गरेको अभियोगमा धेरै 'सतर्कता समूह' का सदस्यहरू पक्राउ परेका छन् । गौहत्याको विरोध गर्ने नाममा रमाइलो गर्ने यस्ता समूहहरूको ठुलो सञ्जाल नै सक्रिय छ ।

वास्तवमा, गाईसँग सम्बन्धित हिंसाले 'लिन्चिङ' (भीडद्वारा हत्या) को एउटा भयावह रूप लिएको छ । पछिल्लो १० वर्षमा १०० भन्दा बढी लिन्चिङका भयानक घटनाहरू भएका छन् । दादरीका पहलू खानदेखि सुरु भएको यो शृङ्खला अत्यन्तै बीभत्स स्तरमा पुगेको छ । यी सबै घटनाहरू हृदयविदारक छन् । जुनैदको घटना त विशेषगरी विचलित बनाउने खालको छ । "१६ वर्षीय किशोर जुनैद खान आफ्ना भाइसँग रेलमा यात्रा गरिरहेका थिए । एक वृद्धले उनलाई सीट मागे, जुन उनले तुरुन्तै दिए । तर पछि २५ जनाको भीडले उनलाई घेर्यो र 'गाई खाने' र 'पाकिस्तानी' भन्दै नाराबाजी गर्न थाले । जुनैदलाई छुरा प्रहार गरियो र उनको मृत्यु भयो ।"

चिन्ताको विषय के छ भने, साम्प्रदायिक शक्तिहरूले घृणा फैलाउन र हिंसा निम्त्याउन कसरी नयाँ-नयाँ संयन्त्रहरू निर्माण गर्छन् । साम्प्रदायिक राजनीतिमा संलग्नहरूले दिने 'हेट स्पीच' (घृणास्पद भाषण) को बारेमा धेरै लेखिएको छ । प्रधानमन्त्रीदेखि तलका तहसम्म नयाँ-नयाँ घृणास्पद नाराहरू सिर्जना गरिन्छ र तल पठाइन्छ । यी प्रवृत्तिका कार्यकर्ताहरूले यसलाई अझै तल्लो तहसम्म लैजान्छन् र हिन्दू तथा मुस्लिम समुदायको जीवन कष्टकर बनाउँछन्, जसका कारण उनीहरू छिमेकमा सँगै बस्न सक्ने अवस्था रहँदैन ।

प्रधानमन्त्रीको चर्चित नारा 'हामी दुई, हाम्रा दुई' देखि 'उनीहरूलाई लुगाबाट चिन्न सकिन्छ' भन्ने अभिव्यक्तिहरू यसका उदाहरण हुन् । आदित्यनाथको 'बटेंगे तो कटेंगे' (विभाजित भयौ भने काटिनेछौ) जस्ता नाराहरूलाई अकबरुद्दीन ओवैसीजस्ता व्यक्तिहरूका उत्तिकै खतरनाक अभिव्यक्तिहरूले बल पुर्याइरहेका छन् । ओवैसीले डिसेम्बर २०१२ मा आदिलावादमा एक विवादास्पद भाषण दिँदै भनेका थिए कि यदि १५ मिनेटका लागि प्रहरी हटाइदिने हो भने उनको समुदाय (२५ करोड मुस्लिम) ले '१०० करोड' हिन्दूहरूलाई आफ्नो वास्तविक शक्ति देखाइदिनेछ ।

साम्प्रदायिक राजनीतिको युद्धमैदानमा सुँगुर (बराह) लाई प्रवेश गराइनुको सबैभन्दा विचलित पार्ने पक्ष भनेको विभाजनकारी शक्तिहरूले आफ्नो राजनीतिमा नयाँ-नयाँ संयन्त्रहरू भित्र्याउन सक्ने क्षमता हो । हाम्रो संस्कृति 'गङ्गा-जमुनी तहजीब' (मिश्रित संस्कृति) को पहिचान रहेको अन्तर-सामुदायिक सामीप्यता अहिले धरापमा परिरहेको छ । सुँगुरको यो तत्त्वले हिन्दू र मुस्लिमहरूलाई एउटै छिमेकमा बस्नसमेत नसक्ने अवस्था सिर्जना गरिदिनेछ । मुस्लिमहरूलाई पहिले नै 'घेटो' (छुट्टै बस्ती) मा बस्न बाध्य पारिँदै छ; अब यो नयाँ सामाजिक इन्जिनियरिङमार्फत सुँगुरलाई प्रवेश गराउँदा दुई समुदाय (हिन्दू-मुस्लिम) बिचको विभाजन अझ फराकिलो हुनेछ । यदि हामीले यसलाई सुरुमै रोकेनौँ र हिन्दूहरूद्वारा सुँगुर पाल्ने यो कृत्रिम रूपमा भित्र्याइएको कार्यलाई निरुत्साहित गरेनौँ भने परिस्थिति अझै बिग्रनेछ ।

मानिसहरू आफ्ना घरपालुवा जनावर र भगवान छनोट गर्न स्वतन्त्र छन्, जबसम्म उनीहरूले अर्को समुदायलाई अपमानित गर्ने सीमा नाघ्दैनन् । यहाँ स्मरण गराउनु उपयुक्त हुन्छ कि भगवान बराह एक उद्धारकर्ताको रूपमा आउनुभएको थियो, तर वर्तमानमा जसरी सुँगुरलाई प्रयोग गरिँदै छ, यसले नकारात्मक परिणामहरू मात्र निम्त्याउनेछ ।

# खुसीको खोजी

✍ इकुश्रे

मानिसको आदिम खोज र अन्तिम गन्तव्य नै 'खुसी' हो । जन्मदेखि मृत्युपर्यन्त मानिसले गर्ने हरेक क्रियाकलापको केन्द्रमा खुसी नै लुकेको हुन्छ । कसैले यसलाई धनमा देख्छन्, कसैले पदमा त कसैले परोपकारमा । तर, खुसी कुनै बजारमा पाइने वस्तु होइन, न त यो कसैले उपहारमा दिने चिज नै हो । यो त एउटा मानसिक अवस्था हो । विडम्बना के छ भने, खुसी मनभित्र हुन्छ भनिए तापनि हाम्रो मन बाह्य जगत्को प्रभावबाट मुक्त रहन सक्दैन । बाहिरी वातावरण, छिमेकीको व्यवहार, सामाजिक विकृति र विश्व राजनीतिको उथलपुथलले हाम्रो भित्री शान्तिलाई हरक्षण बिथोलिरहेको हुन्छ । यस्तो परिवेशमा "म कसरी खुसी हुने ?" भन्ने प्रश्न एउटा व्यक्तिको मात्र नभई सम्पूर्ण चिन्तनशील मानव जातिको साझा प्रश्न बनेको छ ।


खुसी हुनका लागि स्वस्थ वातावरण र सभ्य समाजको अपेक्षा राख्नु स्वाभाविक हो, तर यथार्थ सधैँ अपेक्षा अनुकूल हुँदैन । एउटा व्यक्ति जो धूमपान गर्दैन, उसलाई छिमेकीले उडाएको चुरोटको धुवाँले बिझाउनु 'प्राकृतिक न्याय' मान्नुपर्ने अवस्था छ । "तपाईँले यो नलिनुभए पनि त हुन्थ्यो" भनेर नम्रतापूर्वक सम्झाए पनि उहाँले "मैले आफ्नै सम्पत्ति खाएको त हुँ" भन्न सक्नुहुन्छ । यस्तो तर्कले व्यक्तिगत स्वतन्त्रताको त वकालत गर्ला, तर यसले अर्काको 'स्वच्छ श्वास फेर्न पाउने अधिकार' माथि हस्तक्षेप गरिरहेको हुन्छ । आफ्नो घर नजिकै दिनहुँ चल्ने तासको खाल, जथाभावी फोहोर फाल्ने प्रवृत्ति र सम्झाउँदा उल्टै गाली खानुपर्ने अवस्थाले हाम्रो समाजको चेतना स्तरलाई नराम्ररी उदाङ्गो पारेको छ । जब मानिसले आफ्नो वरपरका विसङ्गतिलाई देख्छ, उसमा एउटा 'नैतिक छटपटी' उत्पन्न हुन्छ । आफू सही मार्गमा हिँड्न खोज्दा पनि समाजको भिड गलत दिशातर्फ मोडिएको देख्दा व्यक्ति एक्लो महसुस गर्छ । यो एक्लोपन नै दुःखको कारण बनिदिन्छ । "सारा समाज एकातिर छ, म अर्कोतिर छु" भन्ने भावले व्यक्तिमा निराशा पैदा गर्न सक्छ, तर दार्शनिक दृष्टिले हेर्ने हो भने, भिडभन्दा अलग हुनु नै विवेकशील हुनुको प्रमाण पनि हो ।

व्यक्तिगत जीवनभन्दा अलि माथि उठेर हेर्दा कार्यालयको प्रशासन, सरकारको भ्रष्टाचार र जनप्रतिनिधिहरूको गैरजिम्मेवारीपनले हाम्रो खुसीलाई झनै सङ्कुचित बनाइदिएको छ । हामी यस्तो तन्त्रमा बाँचिरहेका छौँ, जहाँ 'हुनुपर्ने' कुरा हुँदैन र 'नहुनुपर्ने' कुराको बाहुल्य छ । भोजभतेर र तडकभडकमा गरिने फजुल खर्चले समाजमा आर्थिक खाडल मात्र बढाएको छैन, यसले मानवीय मूल्य र सादगीलाई समेत उपहास गरिरहेको छ । यस्तो अवस्थामा एउटा चिन्तनशील व्यक्तिले सोच्नुपर्ने हुन्छ- के मेरो खुसी अरूको व्यवहारमा निर्भर छ ? यदि हामीले आफ्नो खुसीको साँचो अरूको हातमा सुम्पियौँ भने हामी कहिल्यै खुसी हुन सक्दैनौँ । छिमेकीको बानी, कुनै पनि कार्यालय प्रमुखको व्यवहार वा सरकारको कार्यशैली हाम्रो नियन्त्रण बाहिरका कुरा हुन् । दार्शनिक एपिक्टेटसले भनेझैँ, "हामीलाई वस्तुहरूले होइन, ती वस्तुहरूका बारेमा हाम्रो धारणाले दुःखी बनाउँछ ।" बाह्य जगतलाई बदल्न नसके पनि त्यसलाई हेर्ने दृष्टिकोण बदल्नु नै खुसी हुने पहिलो खुड्किलो हो ।

खुसीको विषयवस्तु र संसार निकै फराकिलो छ । यस क्रममा अझै व्यापक रूपमा सोच्दा, विश्व शक्ति राष्ट्रहरूबिचको होडबाजी र आणविक

बाँकी पृष्ठ ७ मा

# सर्वहारावर्गका क्रान्तिनायक भी.आई. लेनिन



भ्लादिमीर इलिच उल्यानोब नै पछि गएर लेनिनको नामले प्रसिद्ध हुनुभयो । उहाँको जन्म १० अप्रिल १८७० को दिन सिम्बिर्स्क सहरमा भएको थियो । शिक्षा निरीक्षक बुबा र विभिन्न भाषाका ज्ञान राख्ने आमाको उहाँ साहिँलो सन्तान हुनुहुन्थ्यो । कलिलै उमेरदेखि जनताको दु:ख पीडा बुझ्न थालेका लेनिनको हृदय उहाँको दाजु अलेक्जान्डरलाई १८८७ मा राजा अलेक्जान्डर तेस्रोलाई मार्न असफल योजनाको दोषमा फासी दिइएपछि तीव्ररूपमा क्रान्तिकारी बन्दै गयो । त्यसपछि उहाँले समाजवाद र मार्क्सवादको गहिरो अध्ययन थाल्नुभयो र अन्तमा एक दुई जना मार्दैमा क्रान्ति हुन्छ भन्ने बाटो खोटो छ, एक दुईजना मारिँदैमा समाज बदलिने रहेनछ भन्ने टुङ्गोमा उहाँ पुग्नुभयो । देशका बहुमत जनता मजदुर र किसानहरूलाई उठाउनुपर्छ भन्ने अडान उहाँले लिनुभयो ।

१८८७ मा लेनिन एक गुप्त मार्क्सवादी क्रान्तिकारी सङ्गठनमा सदस्य बन्नुभयो र मार्क्स र एङ्गेल्सका कृतिहरूको सूक्ष्म अध्ययन गर्नुभयो । उहाँले सर्वहारावर्ग र पुँजीपतिवर्गको सङ्घर्षले समाजवादी क्रान्ति हुनेछ र यसको लागि सर्वहारावर्गको नेतृत्वमा मजदुर र किसान एक भई पुँजीपतिवर्गलाई उल्टाएर राज्यसत्ता कब्जा गर्नेछ भन्ने कुरामा विश्वास गर्नुभयो ।

क्रान्तिको पथतिर लम्कनको लागि उहाँले मजदुरहरूको माझमा मार्क्सवाद अध्ययन गोष्ठीहरू खोली त्यसको माध्यमबाट व्यापक जनतालाई राजनैतिक चेतना दिन सधैँ व्यस्त रहनुहुन्थ्यो । उहाँले जनताको समस्या बुझ्नुहुन्थ्यो र जनताको पक्षमा विभिन्न लेखहरू पनि लेख्न थाल्नुभयो । लेखहरूमध्ये एउटा 'किसानको जीवनमा नयाँ आर्थिक आन्दोलन' थियो ।

१८९३ तिर लेनिन रुसको सबभन्दा ठुलो औद्योगिक सहर पिट्सवर्गमा पुग्नुभई त्यहाँ कार्यरत करीब २० लाख मजदुरहरूलाई सङ्गठित गर्नुभयो । मार्क्सवाद अध्ययन गोष्ठीहरूलाई एक ढिक्का गरी 'मुक्ति सङ्ग्राम सङ्घ' बनाउनुभयो र एक क्रान्तिकारी मजदुर पार्टीको जग हाल्नुभयो ।

लेनिनको क्रान्तिकारी गतिविधि बढ्दै गएको हुनाले १८९५ डिसेम्बर महिनामा उहाँ थुनिनुभयो । तैपनि, जेलभित्रै बसेर उहाँले सङ्गठनलाई निर्देशन दिइरहनुभयो । 'हडतालहरूमा' र 'जार सरकारको नाममा' भन्ने पुस्तिका र पर्चा लेखेर पठाउनुभयो । १३ फेब्रुअरी १८९७ मा उहाँलाई ३ वर्षको निम्ति कालापानीको सजाय भयो र साइबेरिया पठाइनुभयो । त्यहाँ पनि उहाँले किसान जनताको निरन्तररूपमा सेवा गर्दै जानुभयो । कालापानीका समयमा पनि उहाँले सङ्गठनसम्बन्धी योजनाहरू तयार गर्ने, ठाउँ-ठाउँमा मानिसहरूसित सम्बन्ध राख्दै गुप्त तरीकाबाट सङ्गठनको कामलाई अगाडि बढाउँदै लाने काम जारी राख्नुभयो ।

कालापानीको सजायपछि उहाँ पिट्सवर्ग नजिकैको पस्कोब सहरमा जानुभयो । पुलिस आफ्नो पछाडि देखेर रुसभित्र बसेर काम गर्नु असम्भवजस्तै भएको हुँदा उहाँ विदेसिनुभयो । जर्मनीको लिपजिग भन्ने ठाउँमा पुगेर त्यहाँबाट डिसेम्बर १९०० मा 'इस्क्रा' (फिलिंगो) भन्ने पत्रिका निकाल्नुभयो । त्यसलाई लुकीचोरी रुसमा पठाइन्थ्यो ।

विदेशमै बसेर उहाँले १९०२ मा 'के गर्ने', १९०३ मा 'गाउँका गरीबहरूसँग' जस्ता पुस्तकहरू लेख्नुभयो ।

पार्टीभित्र त्यसबेला मजदुरवर्गको आर्थिक हितलाई मात्र लिएर सङ्घर्ष गर्ने एक गुट थियो जो मजदुरहरूले राज्यसत्ता कब्जा गर्नुपर्छ भन्ने पक्षमा नहुँदा तिनीहरू 'अर्थवादी' कहलाइन्थे । क्रान्ति गर्न नमान्ने तिनीहरू, जो पुँजीवाद नाश हुन्न भन्थे, मजदुरवर्गको सङ्घर्षबाट आफै समाजवाद आउनेछ भनी हिँड्थे । तर, लेनिन र उहाँका अरू साथीहरूले मजदुरहरूको सशस्त्र क्रान्ति र राज्यसत्ता कब्जा गर्ने कार्यक्रमसँगै व्यापक किसान र मजदुर एकता र विदेशका सर्वहारावर्गसँग एक हुने नीति अघि सार्नुभयो । १७ जुलाई १९०३ मा सामाजिक जनवादी मजदुर पार्टीको बैठकमा यी दुई पक्षका बिच चर्काचर्की हुँदा बहुमत लेनिनको पक्षमा पुगेको हुँदा त्यो बोल्सेभिक (बहुमत) पार्टी कहलाइयो र अरू मेन्सेविक (अल्पमत) पार्टी भनियो ।

१९०४ को रुस-जापान युद्धमा रुस पराजित भएपछि त्यसको आर्थिक बोझ जनतामाथि लाद्न प्रयास गरियो । कृषि कार्य र उद्योगहरू ठप्प हुन थालेपछि मजदुर किसानहरूको धैर्यको सीमा टुट्न थाल्यो र फलत: डिसेम्बर १९०४ मा बाकुमा तेल खानीमा मजदुर हडताल भयो र यो क्रम जारी नै रह्यो । यसप्रकार देशभित्र क्रान्तिकारी गतिविधिहरू फस्टाउन थालेका थिए ।


लेनिनले आन्दोलनलाई विदेशमै बसी निर्देशन दिनुभयो । क्रान्तिको मूल्याङ्कन गरी त्यसलाई अघि बढाउन अप्रिल १९०५ मा लन्डनमा तेस्रो पार्टी अधिवेशन उहाँकै अध्यक्षतामा भयो । बोल्सेभिक पार्टी देशमा पुँजीवादी जनवादी क्रान्ति गर्ने र त्यसको लागि सर्वहारावर्गको नेतृत्वमाथि जोड दिन्थ्यो भने मेन्सेविक पार्टी पुँजीपतिवर्गको नेतृत्वमा क्रान्ति गर्न चाहन्थ्यो र त्यो पनि शान्तिपूर्ण ।

यस्तैमा डिसेम्बर १९०५ मा सिपाहीहरूको विद्रोह भयो र क्रान्ति अघि बढ्दै गयो । क्रान्ति १९०७ सम्म बेजोड नै रह्यो । त्यसपछि क्रान्ति सेलायो र दबाइयो हजारौँ निर्दोष जनता मारिए, असङ्ख्य मानिसहरू थुनिए । यस्तो गाह्रो समयमा लेनिनले कानुनी वा गैरकानुनी तरीकाबाट सङ्गठनलाई अगाडि लग्नुभयो । उहाँ स्पष्टै भन्नुहुन्थ्यो, "कानुनी सङ्घर्ष त्याग्नाले पार्टी एक्लो हुन्छ । पार्टी र जनताको सम्बन्ध चुँडिन्छ । त्यसबेला केही कम्युनिस्टहरू कुनै पनि कानुनी सङ्घ संस्थाभित्र पस्न मान्दैनथे र तिनीहरू त्यस्ता कुराहरूलाई बहिष्कार गर्न चाहन्थे । त्यस्तै, मेन्सेविकहरू पार्टीलाई भङ्ग गर्न चाहन्थे । यी दुवै पक्षलाई लेनिनले खूबसित झपार्नुभएको थियो ।

१९१२ मा साइबेरियामा लीना सुन खानीमा भएको मजदुर हडतालको सन्दर्भमा ५०० मजदुरहरू मारिए । त्यसले देशभरका मजदुर एक भएर देशव्यापी आन्दोलन चलाए । त्यही साल अप्रिलमा सर्वहारावर्गको एक पत्रिका 'प्राभ्दा' (सत्य) निस्कियो । त्यसको माध्यमबाट लेनिनले सर्वहारा अन्तर्राष्ट्रवाद र वर्गीय एकताको कुरो सिकाउन थाल्नुभयो ।

यही साल (१९१२) जार सरकारले संसद् (ड्यूमा) को चुनावको घोषणा गर्यो । जसमा बोल्सेभिकहरूले त्यो चुनावमा यस्तो नारा दिएर भाग लिने निर्णय गर्यो- 'जनवादी प्रजातन्त्र ल्याउने, कामको समय ८ घण्टा तोक्ने र जमिनदारको जमीन खोसी किसानलाई बाँड्ने ।'

१९१४ मा बोल्सेभिक पार्टी नेतृत्वमा व्यापक मजदुर आन्दोलन सुरु हुन थालेकै बेला साम्राज्यवादी युद्ध थालियो । त्यसमा जर्मन, अस्ट्रिया र हङ्गेरी एकातिर तथा फ्रान्स, बेलायत, रुस अर्कोतिर थिए । त्यसबेला केही कम्युनिस्टहरू आ-आफ्नो देशको पक्ष लिन्थे । आँखा चिम्ली आफ्नो देशको साम्राज्यवादी नीतिको समर्थन गर्ने ती कम्युनिस्टहरू मुखले भने आफूलाई समाजवादी भन्थे । यसरी मुखले आफू समाजवादी घोषित गर्ने र कामले भने साम्राज्यवादको सेवा गर्नेलाई लेनिनले 'सामाजिक साम्राज्यवादी' को संज्ञा दिनुभयो । लेनिनले त्यो साम्राज्यवादी युद्धलाई स्पष्टरूपले विरोध गर्नुभयो ।



यही सन्दर्भमा उहाँले 'साम्राज्यवाद : पुँजीवादको चरम अवस्था' भन्ने पुस्तक पनि लेख्नुभयो ।

जार सरकारको गलत नीतिले गर्दा युद्धग्रस्त रुसको अर्थतन्त्र दिन परदिन ध्वस्त हुँदै गयो । त्यसबाट रिसाएका रुसी जनताले बोल्सेभिक पार्टीको नेतृत्वमा आन्दोलनलाई चर्काउँदै लगे । यसप्रकार त्यहाँ क्रान्तिको परिस्थिति तयार हुँदै गयो । १९१७ फ्रेबुअरीमा पिट्सवर्गका मजदुरहरूले युद्धको विरोधमा ठुलो र व्यापक हडताल गरे । तिनीहरूको नारा थियो - 'जारशाही मुर्दावाद', 'युद्ध मुर्दावाद' र 'हामीलाई रोटी देऊ' । त्यसैबेला बोल्सेभिक पार्टीको केन्द्रीय समितिको ब्युरोले एक घोषणापत्र निकाल्यो 'जारशाही सरकारलाई उल्टाई देऊ !' 'अस्थायी सरकार बनाऊ !' जनवादी प्रजातन्त्र स्थापना गर ।' 'जमिनदारहरूको जमिन जफत गरी किसानलाई बाँड र युद्धलाई बन्द गर ।' १७ फेब्रुअरी १९१७ मा सेनाले पिट्सवर्ग (पेट्रोग्राड) मा मजदुरहरूमाथि गोली हान्न अस्वीकार गरिदिए, ठुलो सङ्ख्यामा सेना जनतासँग मिल्न आए । केही दिनपछि नै पेट्रोग्राड र रुसमा पुँजीवादी जनवादी क्रान्ति विजयी भयो । तर, पनि देशको हुकुम पुँजीवादी र स-साना पुँजीपतिहरूको हातमा गयो । त्यसले जनताको क्रान्तिकारी भावनालाई निर्मूल पार्न खोज्यो ।

३ अप्रिल १९१७ को दिन दस वर्षको लामो निर्वासनपछि लेनिन स्वदेश फर्कनुभयो र उहाँको त्यहाँ भावविभोर स्वागत गरियो । ४ अप्रिलको दिन बोल्सेभिक पार्टीको सभा भयो । त्यस सभामा लेनिनले पुँजीवादी प्रजातान्त्रिक काममा हुकुम पुँजीपतिवर्गको हातमा रहन्छ, समाजवादी क्रान्तिमा मजदुरवर्ग र गरिब, किसानवर्गको हातमा सत्ता रहनेछ भन्नुभयो । पुँजीवादी प्रजातान्त्रिक क्रान्तिलाई समाजवादी क्रान्तिमा फेरिदिने कुरो उहाँले बताउनुभयो ।

देशमा जनआन्दोलनको ज्वाला दन्किरहेकोमा क्रुद्ध भएर करेन्सीको प्रतिक्रियावादी युद्धपिपासु अस्थायी सरकारले ७ जुलाईको दिन लेनिनको नाउँमा पक्राउ पुर्जी काट्यो । जनता झन् क्रुद्ध भएर 'युद्ध मुर्दावाद !', 'राजसत्ता सोभियतलाई देऊ' भनेर नारा लगाए । धेरै पार्टी कार्यकर्ता र जनता पक्रिए तथा स्वयं लेनिन पनि एक मजदुरको भेषमा रहनुभयो र त्यहीबेला उहाँले 'राज्य र क्रान्ति' लेख्नुभयो र फिनलैन्ड पुगी त्यहीँबाट क्रान्तिलाई निर्देशन दिइरहनुभयो ।

७ अक्टोबरको दिन लेनिन फिनलैन्डबाट फर्किनुभयो १० अक्टोबरको दिन बसेको पार्टी केन्द्रीय समितिको बैठकले सशस्त्र सङ्घर्ष गर्ने निर्णय गऱ्यो । १७ अक्टोबरको बैठकले कामरेड स्तालिनको नेतृत्वमा विद्रोह सञ्चालन गर्ने एक केन्द्रको चुनाव गऱ्यो ।

२३ अक्टोबरको बिहान पार्टी मुखपत्र 'राबोचिपूत' (मजदुरहरूको बाटो) को अफिसमा घेरा दिन अस्थायी सरकारले सैनिकहरू पठायो । त्यसलाई स्तालिनको नेतृत्वमा रहेको लाल रक्षकहरूको दल र क्रान्तिकारी सेनाले पछाडि धपाइदिए र ११ बजे पत्रिका साबिकबमोजिम निस्क्यो । त्यसमा अस्थायी सरकालाई पल्टाउन आह्वान गरिएको थियो । त्यस समयमा पार्टी केन्द्रको निर्देशनमा क्रान्तिकारी सेना र लाल रक्षक दललाई स्मोल्नितिर पठाइयो । लेनिन त्यसै रात त्यहाँ पुगी विद्रोहको सञ्चालन गर्नुभयो र विद्रोह सुरु भयो । स्मोल्नीलाई नै केन्द्र बनाई क्रान्ति थालियो र अस्थायी सरकारको मुख्य केन्द्र शरद्को दरबारलाई क्रान्तिकारी सेनाले कब्जा गयो ।

महान् सर्वहारा समाजवादी क्रान्तिको बिगुल बज्यो र १९१७ अक्टोबर २५ को दिन बोल्सेभिक पार्टीले एउटा घोषणा पत्र निकाल्यो । त्यसमा पुँजीवादी अस्थायी सरकारलाई भङ्ग गरेको कुरा थियो । देशको हुकुम 'सोभियतहरू' को हातमा गाएको घोषणा गरिएको थियो ।

२५ अक्टोबरको साँझ १०-११ बजे स्मोल्नीमा दोस्रो राष्ट्रिय सोभियतको महाधिवेशन भयो । त्यसमा ६५० मध्ये ४५० प्रतिनिधिहरू बोल्सेभिकहरू भइदिनाले तिनीहरू बहुमतमा थिए । मेन्सेविक, दक्षिणपन्थी, समाजवादी क्रान्तिकारीहरू र अरू प्रतिक्रियावादीहरूले महाधिवेशनमा भाग लिन अस्वीकार गरे । क्रान्तिलाई 'फौजी षड्यन्त्र' को संज्ञा दिएर त्यहाँबाट उठेर गए । तर, अरू वामपन्थी गुटले क्रान्तिको समर्थन गऱ्यो ।

२६ अक्टोबरको राति लेनिनले महाधिवेशनमा युद्धसम्बन्धी सरकारी निर्णय पढेर सुनाउने भयो र युद्धरत सबै राष्ट्रहरूसित यथाशीघ्र शान्ति सन्धि गर्ने कुरा थियो । त्यसै राति उहाँले बिनामुआब्जा जग्गामा जमिनदारहरूको मालिकत्व समाप्त गर्ने भूमिसम्बन्धी निर्णय पढ्नुभयो ।

रुसमा समाजवादी क्रान्तिको लगत्तै त्यसको गम्भीर असर त्यससँग सीमान्त मुलुकहरूमा स्वत: पर्ने हुँदा साम्राज्यवादी देशहरू रुसलाई दबाउन चाहन्थे । १९१८-१९१९ मा अमेरिका, बेलायत, फ्रान्स र जापानले निहुँ झिकी चारैतिरबाट समाजवादी सोभियत सङ्घलाई नै मेटाउन चाहे । आफ्नो देशको सैनिक र आर्थिक कमजोरीको कारणले गर्दा केही क्षणको निम्ति लेनिन जर्मनीसँग 'ब्रेस्ट लिटोबस्क' सन्धि गर्ने पक्षमा हुनुहुन्थ्यो । रुसको 'ब्रेस्टलिटोवस्क' भन्ने क्षेत्र जर्मनीले माग्दै थियो । लडाइँको तयारीको निम्ति उहाँ त्यो क्षेत्र दिएर पनि शत्रुको मुखमा बुजो हाल्न चाहनुहुन्थ्यो । शान्ति कालमा नै दीर्घकालीन युद्धको निम्ति पूर्ण तयारी गरेर पछि आफ्नो गुमेको क्षेत्रलाई फिर्ता लिने उहाँको दूरदर्शी योजनाको त्रात्स्कीजस्ता केही उताउला कम्युनिस्टहरूले देश बेच्ने र आत्म समर्पण भनेर विरोध जनाए ।

३० अगस्ट १९१८ मा एक विशाल मजदुर सभालाई सम्बोधन गरिसकेर फर्कन लाग्नु हुँदा समाजवादी क्रान्तिकारी पार्टीको फन्या कप्लान नामक एक स्वास्नीमानिसले लेनिनमाथि गोली चलाई । यो घटनालाई लिएर सारा रुसी जनता क्रुद्ध भए । त्यस्तो भद्रगोलको परिस्थितिमा पनि स्वयं लेनिन धैर्यवान् हुनुहुन्थ्यो ।

संसारका मजदुर पार्टीहरूको सङ्गठनलाई अन्तर्राष्ट्रिय मजदुर सङ्गठन भनी छोटोमा 'अन्तर्राष्ट्रिय' मात्रै भनिन्छ । पुरानो अन्तर्राष्ट्रिय खतम भइसकेको हुँदा मार्च १९१९ मा मस्कोमा लेनिनको नेतृत्वमा विभिन्न देशका कम्युनिस्ट पार्टीहरूको महाधिवेशन भयो, जसलाई 'तेस्रो अन्तर्राष्ट्रिय' भनिन्छ । महाधिवेशनमा लेनिनले 'सर्वहारा क्रान्ति र गद्दार काउत्स्की' भन्ने किताबद्वारा अवसरवादलाई नङ्ग्याइदिनुभयो ।

लेनिनले १९२० मा 'उताउला कम्युनिज्म एक केटाकेटी रोग' भन्ने एउटा किताब लेख्नुभयो । त्यो पुस्तक बोल्सेभिक पार्टीको अनुभवहरूको सँगालो हो ।

१९२० सम्ममा आक्रामक राष्ट्रहरूले हार खानुपऱ्यो र १९२२ मा जापानी हस्तक्षेप बन्द भयो । त्यसरी लेनिनले रुसलाई साम्राज्यवादी थिचोमिचोबाट मुक्ति दिलाउनुभयो । यसपछि लेनिनले एक नयाँ आर्थिक नीतिलाई अघि सार्नुभयो जसमा कृषि र औद्योगिक विकासलाई साथसाथै लैजाने योजना थियो ।

१९२२ मा लेनिन अकस्मात् बिरामी हुनुभयो, तापनि उहाँले काम गर्न छाड्नुभएन । २० नोभेम्बर १९२२ को दिन मस्कोमा केन्द्रीय पार्टी समितिको एक लामो बैठक बस्यो । त्यसमा उहाँले किफायत गरेर आर्थिक विकास गर्नुपर्नेमा बढी जोड दिनुभयो । त्यही नै उहाँको अन्तिम भाषण थियो । डिसेम्बर १९२२ मा सोभियतहरूको पहिलो राष्ट्रिय महाधिवशेन भयो, त्यसमा सोभियत समाजवादी गणतन्त्रको स्थापना गर्ने निर्णय गरियो र उहाँ त्यसको जनकमिसार परिषद् (मन्त्रिपरिषद्) को अध्यक्ष चुनिनुभयो ।

१९२३ मा लेनिन फेरि बिरामी हुनुभयो, त्यस अवस्थामा पनि उहाँले महाधिवेशनलाई चिट्ठी, डायरीको पाना सहकारिताको बारेमा हामीले मजदुर किसान निरीक्षण संस्थाको पुन: सङ्गठन कसरी गर्नुपर्छ र चाहे कम होस् बरु राम्रो होस्जस्ता निर्देशनहरू दिनुभयो ।

मार्च १९२३ को सुरुमा लेनिन झन् बिरामी हुनुभयो । उहाँको स्वास्थ्य दिन परदिन बिग्रँदै गइरहेको थियो । २१ जनवरी १९२४ को साँझ ६ बजेर ५० मिनेटको घडीमा विश्वका यस महान् विभूतिले आफ्नो आँखा सदाको निम्ति चिम्लनुभयो । रुसी जनता र विश्वका समस्त शोषित पीडितहरू आफ्ना श्रद्धेय नेताको असामयिक निधनमा शोकमग्न भए । तर, स्तालिन रुसी जनताको शोकलाई शक्तिमा बदल्न अगाडि बढ्नुभयो ।

लेनिनको शिक्षालाई नै लेनिनवाद भनिन्छ र स्तालिनले त्यसलाई अघि बढाउनुभयो । उहाँहरूले मार्क्सवादलाई राम्रोसँग अध्ययन गरेर त्यसलाई रुसमा साकार रूप दिनुभयो । मजदुर, किसान र सिपाहीहरूको माझमा सङ्गठन हुनुपर्छ, मार्क्सवादजस्तो क्रान्तिकारी सिद्धान्त बोकेको कम्युनिस्ट पार्टीले तिनीहरूलाई एकगठ गर्नुपर्छ र पुँजीपतिवर्गको हुकुमलाई ध्वस्त पारी राज्यसत्ता सर्वहारावर्गको कब्जामा लिइनुपर्छ भनेर हामीलाई लेनिनवादले सिकाउँछ ।

सामन्तवाद र पुँजीवाद शोषण व्यवस्थाका दुई रूप हुन् । लेनिन सामन्तवाद र पुँजीवाद दुवैलाई घृणा गर्नुहुन्थ्यो । मुख्य दुश्मन राजा जार हो भनेर पुँजीपतिवर्ग र विदेशी पुँजीसँग मितेरी लाउनुहुन्थ्यो न त पुँजीपतिवर्ग र विदेशी पुँजीलाई मुख्य दुश्मन सम्झेर जार र सामन्तहरूसँग मितेरी लाउनुहुन्थ्यो ।

लेनिनले साम्राज्यवादलाई साह्रै विरोध गर्नुहुन्थ्यो । त्यसको विरोधमा लडन अरू देशका सर्वहारावर्गसँग एक हुनुभयो । साम्राज्यवादको विरोधमा सङ्घर्ष नगर्ने र साम्राज्यवादी नीतिको समर्थन गर्ने समाजवादीलाई उहाँले सामाजिक साम्राज्यवादीको संज्ञा दिनुभयो । साम्राज्यवादको विरोधमा लड्ने र अरू देशका सर्वहारावर्गको सङ्घर्षलाई समर्थन गर्ने कुरामा उहाँ कहिले पनि विदेशी कुरा र बतासे कुरा भनेर पन्छाउने वा भाग्ने गर्नुहुन्नथ्यो । उहाँ एक देशका सर्वहारावर्गले अर्को देशका सर्वहारावर्गलाई समर्थन गर्ने कुरामा बल दिनुहुन्थ्यो । त्यसलाई सर्वहारा अन्तर्राष्ट्रवाद भनिन्छ । लेनिनवाद पुँजीवादको अन्तिम अवस्था तथा साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो । यसकारण, लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिको विज्ञान हो ।

***साभार : जनताको साहित्यबाट***



दक्षिणी लेबनानको टायर सहरको कास्मियेह पुलमुनिको नदीमा इजरायली मिसाइल हमलामा परी भग्नावशेषमुनि हराइरहेका मानिसहरूको खोजी गर्दै लेबनानी उद्धारकर्मीहरू अप्रिल २०, २०२६ का दिन। हमासलाई खतम गर्ने बहानामा इजरायली सेनाले निर्दोष लेबनानी जनतालाई लक्ष्य बनाइरहेका छन् र लेबनानी भूमि कब्जा गर्ने दुष्प्रयास गरिरहेको छ। *तस्बिर : क्वानाट हाजु/एएफपी*

# संयुक्त राष्ट्रसङ्घ : चार दाबेदारमा सीमित महासचिव दौड

संयुक्त राष्ट्रसङ्घ, २० अप्रिल (एपी)। संयुक्त राष्ट्रसङ्घको आगामी महासचिव चयन प्रक्रिया यसपटक असामान्य रूपमा सीमित प्रतिस्पर्धामा देखिएको छ। सन् २०१६ मा १३ जना उम्मेदवारबिच भएको खुला र उत्साहजनक प्रतिस्पर्धाको तुलनामा अहिले केवल चार जना दाबेदार मात्र औपचारिक प्रस्तुतिका लागि अघि आएका छन्। विश्लेषकहरूका अनुसार यो सङ्कुचन केवल संयोग होइन, बरु विश्व राजनीतिमा बढ्दो ध्रुवीकरण, कूटनीतिक जोखिम र कमजोर बन्दै गएको बहुपक्षीय प्रणालीको प्रत्यक्ष सङ्केत हो।

हालका महासचिव एन्टोनियो गुटेरेसको कार्यकाल आगामी डिसेम्बर ३१ मा सकिँदैछ। उहाँको उत्तराधिकारी चयनका लागि सुरु भएको प्रक्रियाअन्तर्गत चार उम्मेदवारले संयुक्त राष्ट्र महासभामा सदस्य राष्ट्रहरूसामु आफ्नो दृष्टिकोण प्रस्तुत गर्नेछन्। प्रस्तुतिको क्रमअनुसार चिलीकी पूर्वराष्ट्रपति मिशेल ब्याचेलेटले पहिलो 'अडिसन' दिनुहुनेछ। त्यसपछि अर्जेन्टिनाका अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका प्रमुख राफेल मारियानो ग्रोसी, कोस्टारिकाकी अर्थशास्त्री तथा युएनसीट्याड प्रमुख रेबेका ग्रिन्स्पान र अन्त्यमा सेनेगलका पूर्वराष्ट्रपति म्याकी सलले आफ्ना धारणा राख्नुहुनेछ।

यसपटक उम्मेदवार सङ्ख्या घट्नुका पछाडि सबैभन्दा प्रमुख कारण विश्व राजनीति गहिरो ध्रुवीकरणतर्फ जानु हो। एक दशकअघि अन्तर्राष्ट्रिय सहकार्य अपेक्षाकृत सहज थियो, जसले धेरै उम्मेदवारलाई प्रतिस्पर्धामा उत्रिन प्रोत्साहित गरेको थियो। तर, अहिले अमेरिका, चीन र रुसजस्ता शक्तिशाली राष्ट्रहरूबिच बढ्दो अविश्वासका कारण यस्तो प्रतिस्पर्धामा भाग लिनु नै कूटनीतिक रूपमा जोखिमपूर्ण बनेको छ। विश्लेषकहरूका अनुसार अब उम्मेदवार बन्नु केवल प्रतिष्ठाको विषय मात्र होइन, गलत सन्देश गए शक्तिशाली देशहरूसँगको सम्बन्ध बिग्रन सक्ने संवेदनशील निर्णय हो।

संयुक्त राष्ट्रसङ्घको प्रभावकारिता घट्दै गएको धारणा पनि उम्मेदवार सङ्ख्या घट्नुको अर्को कारण हो। जलवायु परिवर्तन, दिगो विकास र आर्थिक सहकार्यका क्षेत्रमा एक दशकअघि सक्रिय भूमिका खेलेको संस्था अहिले युक्रेन, गाजा र इरानजस्ता द्वन्द्वमा प्रभावकारी हस्तक्षेप गर्न असमर्थ देखिएको छ। यसको मुख्य कारण सुरक्षा परिषद्का स्थायी सदस्यबिचको असहमति र भिटो शक्तिको प्रयोग हो, जसले निर्णय प्रक्रियालाई बारम्बार अवरुद्ध बनाउँदै आएको छ।

महासचिव चयनमा औपचारिक निर्णय महासभाले गर्ने भए पनि वास्तविक शक्ति भने सुरक्षा परिषद्का पाँच स्थायी सदस्य–अमेरिका, रुस, चीन, बेलायत र फ्रान्स–सँग रहन्छ। उनीहरूमध्ये कुनै एकले पनि असहमति जनाए उम्मेदवार असफल हुन सक्छन्। यही कारण उम्मेदवारहरूका लागि सन्तुलित कूटनीति अत्यन्त आवश्यक हुन्छ।

उम्मेदवारहरूको मनोनयन प्रक्रिया पनि यसपटक जटिल देखिएको छ। ब्याचेलेटलाई सुरुमा चिली, ब्राजिल र मेक्सिकोले समर्थन गरेका थिए। तर, चिलीमा सरकार परिवर्तन भएपछि समर्थन फिर्ता लिइयो, र अहिले उहाँ ब्राजिल र मेक्सिकोको मनोनयनमा मात्र प्रतिस्पर्धामा हुनुहुन्छ। ग्रोसी र ग्रिन्स्पानलाई उहाँहरूको आफ्नै देशले प्रस्ताव गरेका छन्। म्याकी सललाई भने बुरुन्डीले प्रस्ताव गरे पनि उहाँको आफ्नै देश सेनेगलले औपचारिक समर्थन दिएको छैन। यसैबिच अर्जेन्टिनाकी कूटनीतिज्ञ भर्जिनिया गम्बाको उम्मेदवारी फिर्ता लिएपछि प्रतिस्पर्धा झन् खुम्चिएको हो।

लैङ्गिक प्रतिनिधित्वको प्रश्न पनि यसपटकको बहसको केन्द्रमा छ। यस प्रतिस्पर्धामा दुई जना महिला उम्मेदवार सहभागी भए पनि, महासचिव पदमा महिलालाई चयन गर्नुपर्ने माग अझै बलियो रूपमा उठिरहेको छ। सन् २०१६ मा पनि यस्तो माग व्यापक रूपमा उठेको थियो, तर अन्ततः पुरुष उम्मेदवार चयन भएका थिए। यसपटक भने केही शक्तिशाली देशहरूले महिला नेतृत्वप्रति सकारात्मक सङ्केत दिएका छन्, यद्यपि अन्तिम परिणाम अझै अनिश्चित छ।

यसपटकको सीमित प्रतिस्पर्धा केवल उम्मेदवार सङ्ख्या घट्नुको घटना मात्र नभएर यसले विश्वव्यवस्थामा देखिएको अस्थिरता, शक्ति सङ्घर्ष र कमजोर हुँदै गएको बहुपक्षीय संरचनालाई प्रतिबिम्बित गर्छ। आगामी महासचिवको बन्छ भन्ने प्रश्नसँगै संयुक्त राष्ट्रसङ्घको भविष्य कस्तो दिशातर्फ जान्छ भन्ने ठुलो प्रश्न पनि यही प्रक्रियासँग जोडिएको छ।

# पराग्वे खेलमा हिंसा, दर्जनौँ घाइते

असन्सियोन (पराग्वे), ७ वैशाख (एएफपी)। राजधानी असन्सियोनस्थित एक प्रमुख फुटबल रङ्गशालामा ओलिम्पिया र सेरो पोर्टेनोबिचको खेल हिंसात्मक भिडन्तका कारण बिचमै रोकिएपछि पराग्वेमा खेलकुद सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठेको छ। सेरो पोर्टेनो समर्थक र सुरक्षाकर्मीबिच भएको झडपमा धेरै व्यक्ति घाइते भएपछि अधिकारीहरू खेल स्थगित गर्न बाध्य भएका छन्।

डिफेन्सोर्स डेल चाको स्टेडियममा आइतबार भएको खेल लगभग ४० हजार दर्शकको उपस्थितिमा भइरहेको थियो। तर खेलको करिब २९ मिनेटमै अवस्था नियन्त्रण बाहिर गएपछि खेल पूर्ण रूपमा रद्द गरिएको हो।

प्रारम्भिक जानकारीअनुसार हिंसा सेरो पोर्टेनो समर्थकहरूका लागि छुट्याइएको खण्डमा भएको शक्तिशाली पटाखा विस्फोटपछि सुरु भएको थियो। उक्त विस्फोटपछि स्थिति तनावपूर्ण बनेको र त्यसले सुरक्षाकर्मी तथा समर्थकबिच प्रत्यक्ष भिडन्त निम्त्याएको बताइएको छ।

प्रत्यक्षदर्शीहरूका अनुसार तनावका क्रममा केही समर्थकहरूले एक प्रहरी अधिकारीको दङ्गा नियन्त्रण ढाल खोसेर भीडमा प्रदर्शन गरेका थिए। घटनाको भिडियो फुटेजमा सुरक्षाकर्मीहरूले भीड नियन्त्रण गर्न स्ट्यान्डतर्फ रबरको गोली र अश्रुग्यास प्रहार गरेको देखिएको छ, जसका कारण धेरै दर्शकहरू डराउँदै मैदानतर्फ भागेका थिए।

घटनापछि करिब १०० जनालाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ। स्थानीय प्रहरीका अनुसार दर्शकहरूको सुरक्षा सुनिश्चित गर्न तत्काल हस्तक्षेप गर्नुपरेको थियो।

सुरक्षा निकायले कम्तीमा छ जना प्रहरी घाइते भएको पुष्टि गरेको छ, जसमध्ये एक जनाको अवस्था गम्भीर रहेको र उनलाई अस्पतालमा भर्ना गरिएको छ। घाइते प्रहरीमध्ये केहीको टाउकोमा चोट लागेको, केहीमा चोटपटक र सम्भावित छुरा प्रहारसमेत भएको जनाइएको छ। यद्यपि सामान्य दर्शकहरू घाइते भएको विवरण तत्काल स्पष्ट भएको छैन।

जिल्ला प्रवक्ता डेभिड टोरालेसका अनुसार घाइते सुरक्षाकर्मीहरूको अवस्था विभिन्न स्तरमा गम्भीर छ र उनीहरूको उपचार भइरहेको छ। घटनापछि सुरक्षा निकायले हिंसा भड्काउने व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई कानुनी कारबाही तथा भविष्यका खेलहरूबाट प्रतिबन्ध लगाउने तयारी भइरहेको जनाएको छ।

पराग्वे फुटबल सङ्घ (एपीएफ) को नियमअनुसार समर्थकको हिंसाका कारण खेल रोकिएमा सम्बन्धित टोलीलाई पराजयको सजाय हुन सक्ने व्यवस्था रहेको छ। यही विषयलाई लिएर खेलको परिणामबारे विवाद चुलिन थालेको छ।

ओलिम्पिया क्लबका अध्यक्ष रोड्रिगो नोग्सले आफ्नो टोलीले एपीएफको अनुशासन समितिबाट तीन अङ्क पाउने अपेक्षा गरेको बताउनुभयो। उहाँले खेल रोक्नुमा क्लबको कुनै दोष नरहेको दाबी गर्नुभयो।

तर सेरो पोर्टेनो क्लबका अध्यक्ष ब्लास रेगुएराले भने आयोजकको रूपमा ओलिम्पिया क्लब नै सुरक्षा व्यवस्थाका लागि जिम्मेवार रहेको दाबी गर्दै घटनाको जिम्मेवारी उनीहरूकै हुने बताउनुभयो।

हाल ओलिम्पिया लिगको शीर्ष स्थानमा रहेको छ भने सेरो पोर्टेनो दोस्रो स्थानमा छ। यस घटनाले शीर्ष स्थानको प्रतिस्पर्धालाई समेत प्रत्यक्ष असर पार्ने अनुमान गरिएको छ।

घटनापछि पराग्वेमा खेलकुद सुरक्षाबारे बहस तीव्र बनेको छ। रङ्गशालामा भएको हिंसाले फुटबल प्रतियोगिताको विश्वसनीयता र दर्शक सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ।

# बोर्नियोमा भीषण आगलागी हजारौँ विस्थापित



क्वालालम्पुर, २० अप्रिल (एपी)। मलेसियाको बोर्नियो टापुको तटीय बस्तीमा आइतबार बिहान भएको भीषण आगलागीले ठुलो मानवीय सङ्कट निम्त्याएको छ। समुद्रमाथि काठका खम्बामाथि बनाइएका घना घरहरूमा लागेको आगो तीव्र गतिमा फैलिँदा करिब एक हजार घर पूर्ण रूपमा नष्ट भएका छन् भने नौ हजारभन्दा बढी बासिन्दा विस्थापित भएका छन्।

अग्नि तथा उद्धार विभागका अनुसार आगलागी सबाह राज्यअन्तर्गत सन्दकन जिल्लाको एक तटीय 'पानी गाउँ' मा सुरु भएको थियो। काठ र अन्य ज्वलनशील सामग्रीबाट बनेका घरहरू एकआपसमा अत्यन्तै नजिक भएकाले आगो छिट्टै फैलिएको थियो। समुद्रमाथि खम्बामा उभ्याइएका संरचनाहरूमा फैलिएको आगो नियन्त्रण गर्न उद्धारकर्मीलाई निकै कठिनाइ परेको जनाइएको छ।

अधिकारीहरूका अनुसार तीव्र हावा र घरहरूको घनत्वले आगो फैलिन झन् सहयोग पुगेको थियो। साथै, प्रभावित क्षेत्रमा पुग्ने बाटो साँघुरो हुनु र ज्वारभाटाको असरका कारण पानीको सतह घट्दा उद्धार तथा नियन्त्रण कार्यमा थप समस्या उत्पन्न भएको थियो।

घटनामा हालसम्म कुनै मानवीय क्षतिको पुष्टि भएको छैन। तर, हजारौँ स्थानीयवासी आफ्नो बासस्थान गुमाएर विस्थापित भएका छन् र उनीहरूलाई अस्थायी शिविरमा सारिएको छ। स्थानीय प्रशासनले राहत तथा पुनःस्थापनाका लागि काम अघि बढाएको जनाएको छ।

सबाह क्षेत्रमा पाइने यस्ता 'पानी गाउँ' हरू प्रायः गरिब तथा सीमान्तकृत समुदायको बसोबास क्षेत्र मानिन्छन्। समुद्रमाथि बनाइएका यी अनौपचारिक बस्तीहरूमा पूर्वाधारको अभाव, असुरक्षित आवास संरचना र भीडभाडका कारण आगलागीको जोखिम उच्च रहने गरेको छ। त्यहाँ बसोबास गर्ने धेरै मानिसहरू न्यून आय भएका, आदिवासी समुदायका वा औपचारिक नागरिकता नभएका व्यक्तिहरू हुने गर्छन्।

स्थानीय गाउँ प्रमुख सरिफ हासिम सरिफ इटिंका अनुसार प्रारम्भिक रूपमा खाना पकाउने क्रममा लागेको आगो नियन्त्रण बाहिर गएको हुनसक्ने अनुमान गरिएको छ। यद्यपि, आगलागीको वास्तविक कारणबारे अनुसन्धान जारी रहेको अधिकारीहरूले बताएका छन्।

प्रधानमन्त्री अनवर इब्राहिमले विस्थापित परिवारलाई केन्द्रमा राखेर सङ्घीय र राज्यस्तरीय निकायहरूले राहत तथा उद्धार कार्य समन्वय गरिरहेको जानकारी दिनुभयो। उहाँले प्रभावितहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

सबाहका यस्ता तटीय बस्तीहरूमा विगतमा पनि पटक-पटक आगलागीका घटना हुने गरेका छन्। स्थानीय अधिकारीहरूले यस्ता क्षेत्र उच्च जोखिममा रहेको स्वीकार गर्दै आए पनि संरचनागत सुधार र सुरक्षित बसोबास व्यवस्थापन चुनौतीपूर्ण बनेको छ। यसपटकको आगलागीले पुनः एकपटक त्यस्ता बस्तीको असुरक्षा र दीर्घकालीन समाधानको आवश्यकता उजागर गरेको छ।

# जापानमा शक्तिशाली भूकम्प, सुनामी चेतावनी

टोकियो, ७ वैशाख (एएफपी)। उत्तरी जापानमा सोमबार ७.४ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएपछि जापान मौसम विज्ञान एजेन्सी (जेएमए) ले तीन मिटरसम्म अग्ला सुनामी छाल आउन सक्ने चेतावनी जारी गरेको छ। भूकम्पपछि तटीय क्षेत्रमा तत्काल सुरक्षित स्थानमा सर्ने निर्देशन दिइएको छ।

भूकम्प स्थानीय समय अनुसार साँझ ४:५३ बजे (०७५३ जिएमटी) इवाटे प्रान्तको प्रशान्त महासागर क्षेत्रको तटीय भागमा केन्द्रित भएर गएको हो। भूकम्पको धक्का सयौँ किलोमिटर टाढा टोकियोसम्म महसुस गरिएको थियो, जहाँ धेरै ठुला भवनहरू हल्लिएका विवरण आएका छन्।

जापान मौसम विज्ञान एजेन्सीका अनुसार प्रारम्भिक सुनामी छालहरू उत्तरी तटीय क्षेत्रमा छिट्टै आइपुग्न सक्ने जोखिम रहेको छ। यस कारण तटीय तथा नदी किनारका बासिन्दालाई तत्काल उच्च भूभाग वा सुरक्षित निकासी भवनहरूमा जान आग्रह गरिएको छ।

एजेन्सीले सुनामी छाल बारम्बार आउन सक्ने सम्भावना रहेको भन्दै चेतावनी पूर्ण रूपमा नहटाइएसम्म सुरक्षित स्थान नछोड्न आग्रह गरेको छ। यसले सम्भावित क्षतिबाट जोगिन सतर्क रहनुपर्नेमा जोड दिएको छ।

जापान सरकारको प्रधानमन्त्री कार्यालयले पनि आपत्कालीन अवस्था व्यवस्थापन गर्न सङ्कट व्यवस्थापन टोली गठन गरेको जनाएको छ। अधिकारीहरूले अवस्थाको निरन्तर निगरानी गरिरहेको बताएका छन्।

प्रशान्त महासँगरको 'रिङ अफ फायर' क्षेत्रमा अवस्थित जापान विश्वकै सबैभन्दा भूकम्पीय जोखिमयुक्त देशमध्ये एक मानिन्छ। चार प्रमुख टेक्टोनिक प्लेटको सङ्गममा रहेको यस द्वीप राष्ट्रमा बारम्बार भूकम्प जाने गर्छ।

करिब १२ करोड ५० लाख जनसङ्ख्या रहेको जापानमा वार्षिक औसत करिब एक हजार ५०० भूकम्पीय धक्का महसुस गरिन्छ, जसले विश्वका कुल भूकम्पमध्ये करिब १८ प्रतिशत हिस्सा ओगट्छ।

यद्यपि धेरैजसो भूकम्प हल्का प्रकृतिका हुने भए पनि भूकम्पको गहिराइ र स्थानका आधारमा क्षतिको स्तर फरक पर्ने गर्छ।

यसअघि सन् २०११ मा जापानमा ९.० म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको थियो, जसले विनाशकारी सुनामी निम्त्याउँदै करिब १८ हजार ५०० मानिसको मृत्यु वा बेपत्ता भएको थियो। त्यस घटनाले जापानको तटीय सुरक्षा र विपद् व्यवस्थापन प्रणालीमा दीर्घकालीन प्रभाव पारेको थियो।

हालको भूकम्पपछि पनि सम्भावित जोखिमलाई ध्यानमा राख्दै अधिकारीहरूले उच्च सतर्कता अपनाउन आग्रह गरेका छन्।

# बिस्का जात्रामा द्यो स्वं वियेगु दिन (सगुन जात्रा) बाहिर प्रदर्शन गरिने भक्तपुर नगरका देवगण

इन्द्र

भक्तपुर हरेक महिनाजसो जात्रा, पर्व र सांस्कृतिक मेला हुने नगर हो। भक्तपुरको बिस्केट जात्रामा देवी देवतालाई खटमा सजाएर विभिन्न बाजागाजा, दाफा भजनसहित जात्रा मनाउने गरिन्छ। यो मूर्त अमूर्त सम्पदामा धनी नगर पनि हो। त्यसैले जगदिश शमशेर राणा, निल्सगुत्सोजस्ता संस्कृतिविद् र सम्पदाविद्हरूले भक्तपुरलाई त्यसै नाचगानको राजधानी, जीवित सांस्कृतिक सङ्ग्रहालय भनेका होइनन्।

भक्तपुरमा आठ रात नौ दिन मनाउने बिस्केट जात्राको वैशाख १ गते लिङ्गो उभ्याउने दिन देवी, देवतालाई खटमा राखेर सम्बन्धित शक्ति पीठमा लाने चलन छ। त्यही दिन सम्बन्धित टोल, चोकमा साँझ ल्याउने गरिन्छ। छैटौं र सातौं दिन पूजापछि वैशाख २ र ३ गते टोल टोलमा बाजागाजा, दाफा भजनसहित ती देव, देवतालाई खटमा सजाएर जात्रा गरिन्छ। आठौं दिन वैशाख ४ गते द्यो स्वँ वियेगु पूजा (सगुन जात्रा) मनाउने परम्परा चलिआएको छ। उक्त पूजामा भक्तजनहरूले नेवारी पहिरन हाकुपटासीका साथ विभिन्न बाजागाजा, दाफा भजन गरेर नगर परिक्रमा गरी आ-आफ्नो इच्छा गच्छेअनुसार परिकार चढाउने चलन छ। जात्रामा प्रदर्शन गरिने भक्तपुर नगरका ३४ वटा देवी देवताहरू निम्नअनुसार रहेको पाइन्छ।





| देवी देवताको नाम | राखिने ठाउँको नाम |
|---|---|
| १ फैढोका गणेश | इटाछें (ओरालो) |
| २ सल्लाघारी गणेश | टेखाचो |
| ३ इटाछें गणेश | इटाछें |
| ४ बालाखु गणेश | यालाछें |
| ५ इन्द्रायणी | खौमा |
| ६ मनोकामना | दुमलाचा, लोहँचाख चोक |
| ७ बाराही | वंशगोपाल |
| ८ ज्याठा गणेश | बोलाछें |
| ९ सूर्यविनायक गणेश | बोलाछें |
| १० बटुक श्वेत भैरव | बोलाछें |
| ११ परदेशी भीमसेन | ख:लाँ भेलुखेल |
| १२ भैरव | चपाले, ग:हिटी |
| १३ भद्रकाली | टौमढी |
| १४ कुमारी | क्वाछें |
| १५ दही विनायक गणेश | टिबुक्छें |
| १६ त्रिपुरा सुन्दरी | तुलाछें |
| १७ महाकाली | लालाछें |

| देवी देवताको नाम | राखिने ठाउँको नाम |
|---|---|
| १८ याछें गणेश | याछें |
| १९ छुमा गणेश | चोछें |
| २० इन्द्र सिद्धि गणेश | गोमारी |
| २१ सिद्धि गणेश | चोर्चा |
| २२ महेश्वरी | इनाचो |
| २३ श्वेत भैरव | जैंला |
| २४ श्वेत भैरव | थालाछें |
| २५ बाल कुमारी | गुच्चात्व, तचपाल |
| २६ ब्रह्मायणी | तचपाल |
| २७ सलाँ गणेश | सकोलान, तचपाल |
| २८ बाल कुमारी | गछें |
| २९ बाल कुमारी | त्वचा |
| ३० तलातुँछी गणेश | तौलाछें |
| ३१ महालक्ष्मी | थालाछें |
| ३२ श्वेत भैरव | क्वाठण्डौ |
| ३३ कुटीप्वाक गणेश | क्वाठण्डौ |
| ३४ यातु गणेश | नगाँचा |

# बढ्दो सम्बन्धविच्छेद : अधिकारको उपयोग कि विकृति ?

नारायण न्यौपाने

काठमाडौँ, ७ वैशाख। चालु आर्थिक वर्षको गत चैत २० गतेसम्म काठमाडौँ जिल्ला अदालतमा दुई हजार ९०७ वटा सम्बन्धविच्छेदसम्बन्धी मुद्दा दर्ता भएकामा एक हजार ३९ मुद्दाको फैसला भइसकेको छ।

विसं २०७६ देखि हालसम्म उक्त अदालतमा सम्बन्धविच्छेदसम्बन्धी फछ्र्यौट हुन बाँकी मुद्दाको सङ्ख्या एक हजार ९४७ रहेको छ। सर्वोच्च अदालतको २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार मुलुकभर ४२ हजार ७३९ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका थिए। सो आर्थिक वर्षमा सर्वोच्च अदालतमा ११९ र उच्च अदालतमा एक हजार ५४१ सम्बन्धविच्छेदसम्बन्धी मुद्दा दर्ता भएका थिए।

सोही आवमा ३३ हजार ५० वटा मुद्दा फछ्र्यौट भएकामा नौ हजार ६८९ मुद्दाको छिनोफानो हुन सकेन। त्यसमध्ये जिल्लाबाट ४१ हजार ७९ वटा मुद्दा फछ्र्यौट भएको वार्षिक प्रतिवेदनमा उल्लेख छ। आव २०८०/८१ मा ४० हजार ३२० वटा सम्बन्धविच्छेदसँग सम्बन्धित मुद्दा दर्ता भएकामा ३१ हजार ७५२ मुद्दा फछ्र्यौट भएको थियो भने आठ हजार ५६८ मुद्दा छिनोफानो हुन सकेन।




यहाँ उल्लेखित तथ्याङ्कले के देखाउँछ भने पछिल्लो समय सम्बन्धविच्छेदसम्बन्धी मुद्दाको सङ्ख्या एकदमै बढेको छ। बदलिँदो विश्व परिस्थितिको प्रभाव, आधुनिक नेपाली समाज र परिवारमा देखिने सामान्य मतभेदमा पनि सम्बन्धविच्छेद गरिहाल्ने प्रवृत्तिले सङ्ख्या बढेको सरोकारवाला बताउँछन्।

काठमाडौँ जिल्ला अदालतका सूचना अधिकृत दीपक श्रेष्ठका अनुसार बैङ्किङ कसुर र चेक अनादरपछि सबैभन्दा बढी सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने गरेका छन्। कतिपय परिवारमा श्रीमान्/श्रीमतीबिच सामान्य खटपट हुनासाथ सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको देखिएको छ।

वैदेशिक रोजगार, परिवारको असहमतिमा हुने प्रेम-विवाह, अन्तरजातीय विवाह, आधुनिकता, अर्काको नक्कल गर्ने प्रवृत्ति, कुटपिट, मानाचामल र हेरचाह नगरेको, नेपाली समाजमा खस्कँदै गएको संस्कार र संस्कृति तथा दम्पतीबिचको मतभेदले पनि सम्बन्धविच्छेद गर्नेको सङ्ख्या बर्सेनि बढ्दै गएको अनुमान गरिएको छ।

अधिवक्ता गोकुल दवाडी वैदेशिक रोजगारी, आर्थिक अभाव, पारिवारिक तनावजस्ता कारणले सम्बन्धविच्छेदको सङ्ख्या बढेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "रिट निवेदन लिएर अदालतमा पुगेका सबैको सम्बन्धविच्छेद भइहाल्छ भन्ने होइन, ५० प्रतिशत जतिको हुन्छ भने केही दम्पतीले मेलमिलाप गरेर फर्केका उदाहरण पनि छन्।"

अध्ययन र रोजगारीका लागि 'डिपेन्डेन्ट भिसा' मा जाने कतिपय युवा जोडीले त विवाह गरेको महिना दिन नपुग्दै दाम्पत्य सम्बन्ध अन्त्यका लागि फिरादपत्र लिएर अदालत आउँछन्। सूचना अधिकृत श्रेष्ठले विदेश जान प्रेमविवाह हतारमा गर्ने, परिवारलाई थाहा नहुने अनि कतिपय सामाजिक आस्था र परिवारको सहमतिबेगर भएका कारण पनि सम्बन्धविच्छेद भएको पाइन्छ।

त्यसो त ज्येष्ठ नागरिक भइसकेका र बाँकी जीवनका लागि सहारा चाहिने उमेरमा पनि सम्बन्धविच्छेद गरेका घटना प्रशस्तै छन्। हजुरबुबा-हजुरआमा उमेरका पनि सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको कानुन व्यवसायी बताउँछन्।

सम्बन्धविच्छेदका मुद्दामा दुवै पक्ष सहमत भएमा काठमाडौँ जिल्ला अदालतले दुई दिनमै निर्णय सुनाउन सक्ने व्यवस्था मिलाएको छ। अदालतमा सम्बन्धविच्छेदका लागि आउनेमध्ये कतिपय श्रीमतीसँगै बस्न सक्दिनँ भनेर आउँछन् भने केही श्रीमान्ले अंश दिन नपर्ने भनी निवेदनमा मागदाबी गरेको पाइन्छ।

अधिकांश जोडीका बिचमा भने बच्चा र अंशका विषय मेलमिलापमा पुग्न र मुद्दालाई न्यायिक निरूपणमा पुऱ्याउन मुद्दा लम्बिने गरेको पाइन्छ। सम्बन्धविच्छेदका लागि मुद्दा परेपछि अर्को पक्षलाई २१ दिन म्याद दिएर जानकारी गराउने, जवाफ आएपछि दुवैलाई मेलमिलापमा पठाउने र यस्तो मुद्दा एक वर्षसम्म राखेर छलफल गराउन सकिने कानुनी व्यवस्था छ।

जेनजी आन्दोलनका बेलामा एकैदिनमा पनि त्यस्ता मुद्दालाई किनारा लगाइएको थियो। तर हतारमा गर्दा कागजमा त्रुटि हुने कारणले दुई दिनमा मात्रै छिनोफानो गर्ने गरिएको सूचना अधिकृत श्रेष्ठ बताउनुहुन्छ। परिस्थितिजन्य अवस्थामा त्यस्ता मुद्दा अधिकृत वारेसमार्फत पनि दर्ता गर्न सकिने छ। त्यो अवस्थामा अधिकांशमा अंश नलिएर छोडपत्र गरेको पाइन्छ। यो सङ्ख्या ३० वर्ष उमेर समूहको बढी छ।

नातिनातिना खेलाउने उमेरका हजुरबुबा-आमा पनि सम्बन्धविच्छेदका लागि अदालत पुग्ने गरेका छन्। त्यस्ता कतिपय श्रीमतीले श्रीमान्लाई तपाईंको साथ र संरक्षण नरहे पनि सिन्दूर कायम रहोस् भन्ने गरेका छन्। त्यस्तो अवस्थामा श्रीमान् श्रीमतीमध्ये सम्पत्तिमा छोराछोरी कसका पक्षमा छ भन्ने अवस्थाले सम्बन्ध निर्धारण गर्छ।

अधिवक्ता शरदचन्द्र गौतमका अनुसार अदालतमा रिट निवेदन लिएर आउने मुद्दामध्ये सम्बन्धविच्छेदको सङ्ख्या धेरैमा पर्छ। पहिलेजस्तो सात जन्मसँगै बस्ने, धर्म र पापसँग जोडिएको नभई विवाहलाई एउटा करारका रूपमा लिने प्रचलन बढेको प्रतिक्रिया उहाँले दिनुभयो। देशको आयआर्जन वैदेशिक विप्रेषणमा निर्भर भएको र वैदेशिक रोजगारीका कारण श्रीमान् वा श्रीमती विदेशमा रहनुपर्ने बाध्यताले पनि केही हदसम्म सम्बन्धविच्छेद बढ्नुमा कारकतत्त्वको भूमिका निर्वाह गरेको अधिवक्ता गौतमको भनाइ छ।

जिल्ला अदालत काठमाडौँमा मुद्दा दर्ता गर्न आउनुभएकी एक युवतीले भन्नुभयो, "साथीमार्फत ऊ (श्रीमान्) सँग चिनजान भयो। त्यसपछि प्रेमविवाह भयो। छोरी अहिले छ वर्षकी भई। म २२ वर्षकी भएँ। पहिले ऊ होटलमा काम गर्थ्यो, पछि उसले काम छोड्यो। लागुऔषध सेवन गरेर हैरानी दिन थालेपछि सुरक्षित हुन सम्बन्धविच्छेदका लागि आएकी हुँ।"

अधिवक्ता ऋषिकेश श्रेष्ठका अनुसार वैदेशिक रोजगारीका हिसाबले श्रीमान् श्रीमतीसँगै बस्न अनुकूल नभएको र त्यसले उब्जाएको आशङ्का र फाटोले पनि सम्बन्धविच्छेदका घटना बढाएको छ। उहाँ भन्नुहुन्छ, "सम्पत्ति सुरुमा श्रीमतीको नाममा राख्ने अनि कतिपय स्वतन्त्रताप्रति आशङ्काको दृष्टिले हेर्ने प्रवृत्तिले यस्ता घटनाको बढोत्तरी भएको छ। नव युवापुस्ता विदेश जान अदालती दर्ता विवाह गर्ने अनि सम्बन्धविच्छेदमार्फत सम्बन्ध अन्त्य गर्ने प्रचलन पनि देखिएको छ।"

भाइबुहारीको सम्बन्धविच्छेद मुद्दाको तारेख लिन काठमाडौँ जिल्ला अदालत आइपुग्नुभएकी नुवाकोटकी एक महिलाले भन्नुभयो, "भाइ विदेश बस्थ्यो, घरायसी कुरा नमिलेर पाँच/छ वर्षदेखि बुहारीले घर छाडेर हिँडेकी छ।"

अधिवक्ता सृजना कँडेलका अनुसार सम्बन्धविच्छेदका लागि ५० वर्ष उमेर समूहमाथिको सङ्ख्या पनि उल्लेख्य छ। उहाँ भन्नुहुन्छ, "केही दिनअघि मात्रै धादिङकी ७० वर्षीया महिला र ७३ वर्षीय पुरुषको सम्बन्धविच्छेद भयो। श्रीमान्ले दुईवटीसँग पहिले पनि सम्बन्धविच्छेद गर्नुभएको रहेछ।"

ती ७० वर्षीया वृद्धाले दुई दिन भने पनि श्रीमान्सँग 'डिभोर्स' गर्छु भनेको अधिवक्ता कँडेलले सुनाउनुभयो। उहाँले १५ वर्षअघिसम्म सम्बन्धविच्छेदको मुद्दा अदालतमा न्यून हुने गरेको बताउनुभयो। हाल त्यो सङ्ख्या ह्वात्तै बढेको छ। पछिल्लो पुस्ता झन् आफू स्वतन्त्र भएर बस्न र घरपरिवारबाट मुक्त हुन चाहन्छ। उनीहरूमा किन दबाबमा बस्ने भन्ने सोच छ।

अदालत परिसरमा नाति च्यापेर बस्नुभएकी एक महिलाले भन्नुभयो, "म जेठी श्रीमती हुँ। यो उमेरमा श्रीमान्ले कान्छी ल्याएर बसेको छ। छोरो बाहिर छ, हामीलाई घरमा आएर कुटपिट गर्नुहुन्छ। अदालतले पनि हामीजस्ता पीडितलाई छिटो न्याय दिलाउनुपर्छ। अहिले अंश र मानाचामलका लागि दाबी गर्न आएकी हुँ।"

अधिवक्ता राजन केसी सम्बन्धविच्छेदमा खासगरी प्रेमविवाह, गरिबी, आर्थिक, रोजगारीलगायत पढाइलेखाइमा एकअर्काबिच अन्तर तथा सामाजिक अवस्थाले समेत प्रभाव पारेको बताउनुहुन्छ। सम्बन्धविच्छेदसम्बन्धी मुद्दा महिलाले दर्ता गरेमा अदालतले पीडामा परेको अनुमान गरी छिटो निष्कर्षमा पुग्छ। पुरुषले हालेको अवस्थामा फैसला भएको सङ्ख्या कम छ।

उहाँले भन्नुभयो, "श्रीमान् र श्रीमती तीन वर्षसँगै नबसेको, खान लाउन नदिएको, मानसिक यातना दिएको जस्ता विषय जोडेर मुद्दा हाले पनि न्यायालयले भरसक परिवारको बिछोड होइन, जोड्ने काम गर्नुपर्छ भन्ने मान्यता राख्छ। धेरै मेलमिलाप हुनसक्ने सम्भावना पनि हुन्छ।"

'ट्रेन्ड' कै रूपमा बढ्दो सम्बन्धविच्छेदको दर हेर्ने हो भने कानुनी अधिकार प्रयोग गरी स्वतन्त्रता चाहनेको सङ्ख्या बढेको हो या स्वतन्त्रताका नाममा विकृतिले प्रोत्साहन पाइरहेको हो भन्ने विषयमा भने समाजशास्त्रीय कोणबाट अति सुक्ष्म रूपमा अध्ययन गर्नुपर्ने देखिएको छ। ***रासस***

***खुसीको...***

हतियारको त्रासले त झन् खुसीलाई 'मृगतृष्णा' नै बनाइदिएको छ। एउटा कुनामा बसेको सामान्य नागरिकले अर्को महादेशमा भइरहेको युद्धको खबर सुन्दा खिन्नता, त्रास र असुरक्षित महसुस गर्नु स्वाभाविक हो। कतै भोकले, कतै रोगले, कतै प्राकृतिक प्रकोपले र कतै गम्भीररूपमा मानव अधिकार उल्लङ्घन भएर मानिसहरू मरेको सुन्दा दु:ख लाग्ने नै भयो। तर, के विश्वका सारा समस्या सुल्झिएपछि मात्र म खुसी हुन्छु भनेर बस्नु तर्कसङ्गत छ ? विश्व इतिहास सधैँ द्वन्द्व र शान्तिको चक्रमा घुमिरहन्छ। हाम्रा पुर्खाहरूले पनि प्लेग, विश्वयुद्ध र अनिकाल सहेरै खुसीका साना टुक्राहरू बटुलेका थिए। त्यसैले, संसारको ठुलो क्यानभासमा देखिएका काला धब्बाहरूले हाम्रो आफ्नै सानो संसारको रङ्गलाई फिक्का बनाउन दिनु हुँदैन।

वास्तवमा खुसी हुनका लागि हामीले केही जीवन-दर्शनलाई अङ्गाल्नुपर्ने हुन्छ। हामीले बुझ्नुपर्छ कि संसारमा केही कुराहरू हाम्रो नियन्त्रणमा हुन्छन् र केही हाम्रो नियन्त्रण बाहिर। छिमेकीले चुरोट खाएर फालेको धुवाँ, कुनै कार्यालयको प्रमुखको स्वभाव र विश्व युद्ध हाम्रो नियन्त्रणमा छैनन्, तर ती कुराहरूलाई लिएर कति प्रतिक्रिया दिने र आफ्नो मानसिक शान्ति कति भङ्ग हुन दिने भन्ने कुरा पूर्णतया हाम्रै हातमा छ। समाज तडकभडकमा लागे पनि हामीले आफ्नो सादगीलाई 'शक्ति' मान्नुपर्छ। भीडभन्दा अलग देखिनु कमजोरी होइन, विशिष्टता हो। फजुल खर्च नगर्नु र वातावरणीय चेतना राख्नु एउटा उच्च नागरिक चरित्र हो, यसमा दु:खी हुनुको साटो गौरवान्वित हुनुपर्छ।

हामी प्राय: अरूले सोचेजस्तै व्यवहार गरुन् भन्ने अपेक्षा राख्छौँ। जब उनीहरू त्यसो गर्दैनन्, हामी दु:खी हुन्छौँ। मानिसहरू आफ्नै चेतना र संस्कारअनुसार चल्छन्। खोलामा फोहोर फाल्नेलाई सम्झाउँदा गाली पाइन्छ भने, त्यहाँ सम्झाउने तरिका बदल्न सकिन्छ वा सम्बन्धित निकायलाई खबर गर्न सकिन्छ। तर, त्यसैलाई लिएर दिनभरि मन कुँडाउनु आफ्नै स्वास्थ्यमाथि अन्याय गर्नु हो। संसारका ठुला समस्या समाधान गर्न हामी एक्लै असमर्थ भए पनि आफ्नो सानो बगैँचा गोड्न, राम्रो पुस्तक पढ्न वा मन पर्ने सङ्गीत सुन्न त सक्छौँ नि ! यी साना कुराहरूले दिने सन्तोषले हाम्रा ठुला दु:खहरूलाई बिर्सन मद्दत गर्छन्। भविष्यको आणविक युद्धको डर वा विगतमा छिमेकीले दिएको गालीमा अल्झिनु भनेको वर्तमानको खुसीलाई हत्या गर्नु हो। खुसी सधैँ 'अहिले' र 'यहीँ' मात्र सम्भव छ।

अन्तत:, खुसी भनेको बाहिरी परिस्थिति र आन्तरिक मनस्थिति बिचको सन्तुलन हो। समाजमा विसङ्गति छन्, अन्याय छ र प्रदूषण छ–यो कटु सत्य हो। तर यी सबैका बिचमा पनि एउटा 'शान्त टापु' बनाउने क्षमता मानिससँग हुन्छ। सचेत र संवेदनशील नागरिकका लागि संसार अलि बढी कठोर लाग्न सक्छ, किनकि उसको चेतनाले गलतलाई 'गलत' भनेर चिन्न सक्छ। तर याद राखौँ, संसारलाई बदल्नुअघि आफूलाई बदल्नु नै बुद्धिमानी हो। छिमेकीले गरेको हल्ला र फालेको धुवाँबाट बच्न झ्याल बन्द गर्न सकिएला, तर उसको सोच बदल्न कठिन छ। त्यसैले, उसको अज्ञानतामाथि दया गरौँ, रिस होइन। समाजका विकृतिहरू विरुद्ध आफ्नो ठाउँबाट सानो हस्तक्षेप जारी राखौँ, तर त्यसलाई आफ्नो खुसीको बाधक नबनाऔँ। खुसी हुनु भनेको समस्या नहुनु होइन, बरु समस्याहरूको बिचमा पनि आफूलाई सन्तुलित राख्न सक्नु हो। जसरी हिलोमा नै कमल फुल्छ, त्यसरी नै यो प्रदूषित र कोलाहलपूर्ण समाजभित्रै हामीले आफ्नो खुसीको फूल फुलाउनुपर्नेछ। हाम्रो सादगी, इमानदारी वैश्विक चिन्तन नै खुसीका वास्तविक स्रोत हुन्। यसैमा रमाउनु नै जीवनको सार्थकता हो।

# पाकिस्तानमा अमेरिकासँगको वार्तामा भाग नलिने इरानको घोषणा

वासिङ्टन, ७ वैशाख (एएफपी) । मध्यपूर्वमा जारी तनाव र युद्धविरामको समयसीमा नजिकिँदै गर्दा इरानले हाल संयुक्त राज्य अमेरिकासँगको वार्तामा भाग लिने कुनै योजना नभएको स्पष्ट पारेको छ । यो घोषणा यस्तो समयमा आएको छ जतिबेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना वार्ताकारहरूलाई सोमबार पाकिस्तान जान निर्देशन दिएका छन् र कूटनीतिक प्रयास तीव्र पारिएको छ ।

इरानी राज्य सञ्चारमाध्यमका अनुसार वर्तमान परिस्थितिमा अमेरिका-इरान वार्ताको अर्को चरणमा सहभागी हुने कुनै तयारी छैन । इरानका अनुसार अमेरिकी नौसैनिक नाकाबन्दी र हालैका घटनाहरूले वार्ताको वातावरणलाई नकारात्मक बनाएको छ ।

तनाव थप चर्किने क्रममा आइतबार एक अमेरिकी नौसेनाको युद्धपोतले इरानी झण्डा बोकेको एक मालवाहक जहाजमाथि गोली प्रहार गरी नियन्त्रणमा लिएको अमेरिकी पक्षले जनाएको छ । राष्ट्रपति ट्रम्पले उक्त जहाजले अमेरिकी नौसैनिक अवरोध पार गर्न खोजेको आरोप लगाउँदै जहाज कब्जा गरिएको बताउनुभयो । उहाँका अनुसार अहिले अमेरिकी मरीनहरूले उक्त जहाज नियन्त्रणमा लिएका छन् ।

यस घटनापछि इरानले अमेरिकी सैन्य जहाजहरूतर्फ ड्रोन पठाएको दाबी गरिएको छ । इरानी समाचार एजेन्सी तस्नीमका अनुसार यो कदम अमेरिकी कारबाहीको प्रतिवादस्वरूप गरिएको हो । साथै, इरानले बदला लिने चेतावनीसमेत दिएको छ ।

इरानी राज्य प्रसारणकर्ता आइआरआइबीले सरकारी स्रोत उद्धृत गर्दै हालका अवस्थामा वार्तामा सहभागी हुने कुनै योजना नभएको जनाएको छ । फार्स र तस्नीम समाचार एजेन्सीहरूले समेत अमेरिकी नाकाबन्दी हटाउनु नै वार्ताका लागि पूर्वशर्त भएको उल्लेख गरेका छन् । उनीहरूका अनुसार वर्तमान वातावरण



'वार्ताका लागि अनुकूल छैन' ।

इरानको आधिकारिक समाचार संस्था आइआरएनएले पनि अमेरिकी नाकाबन्दी र 'अनुचित तथा अवास्तविक मागहरू' का कारण फलदायी वार्ताको सम्भावना कमजोर रहेको जनाएको छ ।

यो तनाव फेब्रुअरी २८ मा इरानमाथि भएको अमेरिकी-इजरायली आक्रमणपछि सुरु भएको द्वन्द्वसँग जोडिएको छ, जसले मध्यपूर्वमा ठुलो स्तरको युद्ध रोकिएको भए पनि अस्थिरता कायम राखेको छ । हाल लागू दुई हप्ते युद्धविरामको समयसीमा समाप्त हुन केही दिन मात्र बाँकी छ ।

यसैबिच, इरान र अमेरिकाबिचको पछिल्लो वार्ता अप्रिल ११ मा इस्लामाबादमा भएको थियो, जुन २१ घण्टा लामो भए पनि कुनै निष्कर्षमा पुग्न सकेको थिएन । यद्यपि, त्यसपछि नयाँ संवादका लागि आधार तयार पार्ने प्रयासहरू जारी रहेका छन् ।

राष्ट्रपति ट्रम्पले वार्ताबारे आशावादी देखिँदै इरानलाई 'न्यायसङ्गत सम्झौता' स्वीकार गर्न आग्रह गर्नुभएको छ । उहाँले सम्झौता नभए इरानको पूर्वाधारमाथि थप दबाब दिने चेतावनी दोहोऱ्याउनुभएको छ ।

तनाव थप गहिरिँदै जाँदा महत्त्वपूर्ण जलमार्ग होर्मुजको स्ट्रेट पनि विवादको केन्द्र बनेको छ । इरानले युद्धको सुरुमा यस मार्ग आंशिक रूपमा बन्द गरेको थियो भने पछि केही समयका लागि खोलिएको भए पनि अमेरिकी नाकाबन्दी जारी रहेपछि पुनः बन्द गरिएको थियो ।

यो जलमार्ग विश्वको करिब पाँचौं हिस्सा तेल र प्राकृतिक ग्यास ढुवानी हुने प्रमुख मार्ग हो । यसको अवरोधले अन्तर्राष्ट्रिय ऊर्जा आपूर्ति र विश्व अर्थतन्त्रमा असर परेको बताइएको छ ।

अमेरिकी पक्षले इरानी तेल राजस्व घटाउने उद्देश्यले इरानी बन्दरगाहहरूमा नौसैनिक नाकाबन्दी लागू गरेको छ । आइतबार भएको घटनामा राष्ट्रपति ट्रम्पले अमेरिकी नौसेनाले चेतावनीपछि इरानी जहाजलाई नियन्त्रणमा लिएको दाबी गर्नुभयो ।

इरानले भने यसलाई 'समुद्री डकैती' भन्दै कडा प्रतिक्रिया जनाएको छ । इस्लामिक रिभोलुसनरी गाड्र्सले बिनाअनुमति जलमार्ग पार गर्ने कुनै पनि जहाजलाई लक्षित गरिने चेतावनी दिएको छ ।

यसैबिच, पाकिस्तानमा हुने भनिएको वार्तालाई लिएर इस्लामाबादमा उच्च सुरक्षा व्यवस्था मिलाइएको छ । सडक बन्द, ट्राफिक नियन्त्रण र सुरक्षा निगरानी कडा पारिएको छ ।

वार्तामा अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गर्ने बताइएको छ भने मध्यपूर्वका दूत स्टिभ विटकफ र ट्रम्पका ज्वाइँ जारेड कुसनर पनि सहभागी हुने अपेक्षा गरिएको छ ।

वार्ताको प्रमुख मुद्दामध्ये एक इरानको उच्च समृद्ध युरेनियम भण्डार रहेको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले इरानले केही युरेनियम हस्तान्तरण गर्न सहमति जनाएको दाबी गर्नुभएको छ, तर इरानी विदेश मन्त्रालयले भने यस्तो कुनै सहमति नभएको स्पष्ट पारेको छ ।

---

*एक...*

आवश्यक बजेट विनियोजन नभएकोले ढिलाइ हुने गरेको जानकारी दिने गरेको उहाँको भनाइ छ ।

पुरातत्त्व विभागका इन्जिनियर गोविन्द अधिकारीले सो दरबारको पुनःनिर्माण गर्नका लागि पर्याप्त बजेट उपलब्ध नहुँदा बर्सेनि थोरैथोरै मात्र काम हुने गरेको जानकारी दिनुभयो ।

हाल टेन्डर आह्वान गरेर निर्माण कम्पनी छनोट गरिसकेको र चाँडै पुनःनिर्माण अघि बढ्ने उहाँको भनाइ छ । उहाँका अनुसार ए वान कम्पनी काठमाडौँले करिब ४२ लाख रुपैयाँमा ठेक्का प्राप्त गरेको छ ।

शाहवंशीय राज्यको उद्गमथलो हो लमजुङ । त्यसैको विरासत मानिन्छ लमजुङ दरबारलाई । कास्कीकोटका राजा कुलमण्डलका माइला छोरा कालु शाहलाई विसं १५४० मा लमजुङका खजेदुरा, सुकराम क्याउसा, माघे दुरा, कुश्माखर घिमिरे र लक्ष्मण दुराले लमजुङको पहिलो चौबिसे राज्यका राजा बनाएको इतिहास छ ।

त्यसको केही समयमै लमजुङमा शासनको बागडोर सम्हालेका तत्कालीन घले राजाका सेनाले कालु शाहको हत्या गरिदिएका थिए । सो घटनापछि उनीहरूले कुलमण्डलका कान्छा छोरा यशोबह्रम शाहलाई पुनःकास्कीकोटबाट ल्याएर राजकाज अघि बढाएका थिए । यशोबह्रमलाई १५ असार रविबारका दिन १५ घडीको सिंह लग्नमा विसं १५५० मा राजगद्दीमा बसाइएको दरबार परिसरको शिलालेखमा उल्लेख छ ।

---

*जाँचबुझ...*

बन्दै गयो ।

देउवा निवास क्षेत्रमा सशस्त्र प्रहरीको तैनाथी देखिएन तर नेपाली सेनाको टोली भने भित्रि कम्पाउन्डमा रहेको र परिस्थिति असामान्य भएपछि बाहिर नियन्त्रणमा सहयोग गरेको थियो ।

**जिल्ला प्रहरी परिसर भक्तपुरका कार्यालय प्रमुख प्रहरी उपरीक्षक माधवप्रसाद बुढाथोकीको बयान कागज व्यहोरा** : भदौ २४ गते बिहान ८:३० बजेदेखि कर्फ्यु आदेश जारी भए तापनि कर्फ्युको अवज्ञा गर्दै महोहरा, गट्ठाघर, पेप्सिकोला, पुरानो थिमि, च्याह्मासिंह, दत्तात्रय, सल्लाघारी, सुडाल, खरिपाटीसहित भक्तपुरका धेरै स्थानमा ठुलो सङ्ख्यामा मानिसहरू भेला हुन थाले । सुरूमा नारा–जुलुसका रूपमा देखिएको भीड आक्रोशपूर्ण हुँदै प्रहरीमाथि गालीगलौज, अपमानजनक नाराजस्ता व्यवहारका साथ ढुङ्गा, बोटल र अन्य वस्तु प्रहार गर्न उत्कट देखियो ।

बिहान ११ बजेदेखि भक्तपुर जिल्ला पूर्ण रूपमा असामान्य अवस्थातर्फ धकेलियो । एकै समयमा थुप्रै स्थानमा आगजनी, तोडफोड र आक्रमण सुरू हुन थाल्यो ।

उक्त दिन सार्वजनिक र व्यक्तिगत भवन जलाइयो । जिल्ला समन्वय कार्यालय भक्तपुर, भक्तपुर वडा नं. ३ सार्वजनिक शौचालय, नेपाल स्काउट शाखा कार्यालय आगजनी भएको थियो । घटनाहरू एकै समयमा र अत्यन्त तीव्र रूपमा फैलिएको, सशस्त्र प्रहरी र नेपाली सेनाबाट अपेक्षित सहयोग समयमा प्राप्त नभएको तथा प्रहरी जनशक्ति अत्यन्त न्यून भएकाले सम्हाल्न असम्भवजस्तै अवस्थाहरू सिर्जना भएको थियो ।

## श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं।

- ❖ सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- ❖ न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- ❖ बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- ❖ कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- ❖ श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- ❖ महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- ❖ श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- ❖ श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- ❖ श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म
२०२२/०८/०८

निधन
२०८२/१२/२९

हाम्रा आत्मीय मित्र **कृष्णगोविन्द अवाल**को दुःखद निधन भएको आज १० औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**देकोचा विकास कोषका साथीहरू**

पूर्णबहादुर दनेखु
रविन्द्र त्वानाबासु
दुर्गाप्रसाद गाईजु
डा.रत्नसुन्दर लासिवा
कुमार माक
मोहनकृष्ण माक
कृष्णगोविन्द सुवाल
रामप्रसाद अवाल
कृष्णराम पही
कृष्णप्रसाद न्हिसुतु
केशव प्रजापति

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### ४५ दिने चित्रकला तालिमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **४५ दिने चित्रकला तालिम** हुने जानकारी गराउँदै सहभागी हुन इच्छुक सदस्यहरूलाई संस्थाको कार्यालयमा नाम दर्ता गराउन अनुरोध छ ।

**कार्यक्रम**
**मिति** : २०८३ वैशाख १३ गतेदेखि
**समय** : बिहान ६:३० बजे
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा
**दर्ता शुल्क** : रु.५००।- प्रतिव्यक्ति

**पुनश्च** : तालिममा कक्षा ५ देखि ९ का विद्यार्थीहरू बढीमा २० जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।

**महिला तथा बालबालिका उपसमिति**

### अन्तरक्रिया कार्यक्रमसम्बन्धी सूचना


यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने **वित्तीय साक्षरता तथा वर्तमान सहकारीसम्बन्धी अन्तरक्रिया कार्यक्रममा** सहभागी हुन सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**कार्यक्रम**
**मिति** : २०८३ वैशाख १९ गते, शनिबार
**समय** : बिहान १०:३० बजे
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा


**बचत उपसमिति**

### गतिविधि

बिस्का: जात्रा एवं नव वर्ष २०८३ सालको हार्दिक मङ्गलमय शुभकामनाका साथ निःशुल्क खानेपानी वितरण । (वैशाख ४)



भ.न.पा.-७, चोर्चा, इनाचो



भ.न.पा.-३, तेखापुखु

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा-७,चोर्चा,भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५ Website : www.sgsaccos.com.np, E-mail :sgsaccos@hotmail.com

ACCESS BRONZE

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप कलेज अफ ल

भ.न.पा. ६, देकोचा, भक्तपुर

## पुनः सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक पुनः सूचना प्रकाशित मिति : २०८३/०१/०८**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ ल का लागि आवश्यक स्मार्टबोर्ड खरिद गर्नुपर्ने भएकोले अनलाइन सिलबन्दी दरभाउपत्र Bid Document मा तोकिएअनुसारको इजाजत प्राप्त फर्म कम्पनीहरूले इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, २०८१/८२ को करचुक्ता प्रमाणपत्र संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Webportal (www.bolpatra.gov.np/egp) मार्फत पुनःOnline Bid Submission गर्नुहुन दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | दरभाउपत्र नं. | दरभाउपत्र शुल्क | दरभाउपत्र जमानत रकम |
|---|---|---|---|
| Supply, Delivery and Installation of Smart Interactive Board | Khwopalaw/SQ/Goods/01/082/83 | 1000/- | 33000/- |

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुर शाखा,
**खातावालाको नाम**: ख्वप कलेज अफ ल
**फाराम शुल्क जम्मा गर्ने आम्दानी खाता नं.**: ०१९००१०७३६१९६००००००१
**धरौटी रकम जम्मा गर्ने खाता नं.**: ०१९००१०७३८४४९५०००००१
**बोलपत्र पेस गर्ने अन्तिम मिति/समय** : २०८३/०१/२३, दिउँसो १२:०० बजे
**बोलपत्र खोल्ने मिति/समय** : २०८३/०१/२३ गते, दिउँसो १३:०० बजे

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा